सिकाई क्षेत्र :
सामाजिक व्यवहार र मूल्य मान्यता

# मानव अधिकार र सामाजिक न्याय



## तह ३

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव श्रोत विकास केन्द्र

# हाम्रो भनाई

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तोकिएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरूरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रुपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान, सामाजिक व्यवहार र मूल्यमान्यता, जीवन जगत र प्रविधि तथा स्वास्थ्य जीवनशैली र सिर्जनशीलतागरी पाँचओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारूलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरु, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

## परिचय

नेपालको संविधान २०७२ ले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बिचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प व्याख्या गरेको छ । यिनै कुराहरुलाई ध्यानमा राखी यस मोडुलमा मानव अधिकारसम्बन्धी विविध पक्षहरु, सामाजिक विविधता र पहिचान, लैङ्गिकता र अपाङ्गता सवाल तथा सामाजिक विभेदको अवस्था र यसको अन्त्यका लागि भइरहेका प्रयासहरु बारे समीक्षा गर्ने छौँ । यसका साथै मानव अधिकार संरक्षणमा अवलम्बन गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, संवैधानिक व्यवस्था, सामाजिक विभेद अन्त्यको लागि गरिएको नीतिगत व्यवस्था तथा लैङ्गिक तथा अपाङ्गताको अधिकार संरक्षणमा भएका व्यवस्थाहरु बारे छलफल गर्ने छौँ ।

## सक्षमता

» मानव अधिकार, सामाजिक सद्भाव र समावेशी सिद्धान्तको विवेचना र अनुसरण

» कामको सम्मान गरी प्रतिफलको सही उपयोग, नीतिगत व्यवस्थाको कार्यन्वयनको वकालत तथा पैरबी

» निश्चित सामाजिक वर्गप्रति ऐतिहासिक रुपमा भएको विभेदका समस्यालाई सम्बोधन गर्ने नीतिगत व्यवस्था र कार्यन्वयन अवस्थाको विवेचना गर्ने ।

## सिकाइ उपलब्धिहरू

» मानव अधिकार संरक्षण र संवर्धन गर्न राष्ट्रले गरेका प्रतिबद्धता अभिव्यक्त गर्न र यस सम्बन्धी राष्ट्रिय प्रावधानको सामान्य विवेचना गर्न,

» विभिन्न जातजाति लिङ्ग, धर्म, संस्कृति एवम् अपाङ्गता भएका समूहको प्रादेशिक तथा सङ्घीय संरचनामा समावेशिताको विश्लेषण गर्न,

## पाठहरू

पाठ १: नेपालमा मानव अधिकारका सवाल

पाठ २: सामाजिक विविधता र समावेशिता

पाठ ३: लैङ्गीकता र अपाङ्गता सवाल

पाठ ४: सामाजिक विभेद र नीतिगत व्यवस्था

## पूर्व सिकाई परिक्षण

**सही उत्तरमा (✓) चिह्न लगाउनुहोस् :**

१. मानव अधिकारले के कुरा बुझाउँछ ?

क. मानिसको बाँच्न पाउने अधिकार

ख. स्वास्थ्य तथा शिक्षा प्राप्त गर्ने अधिकार

ग. समानताको अधिकार

घ. माथिका सबै

२. सामाजिक समावेशिताले तलका मध्ये के कुरा जनाउछ ?

क. समाजका हरेक वर्गलाई हरेक सामाजिक सवालहरुमा सहभागिता गर्नु,

ख. समाजका खास वर्गलाई उचित अवसर दिनु,

ग. समाजका सक्षम वर्गलाई आर्थिक तथा सामाजिक मुद्दामा अघि बढाउनु,

घ. माथिको कुनै पनि होइन ।

३. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक भन्नाले के बुझिन्छ ?

क. सामजिक तथा आर्थिक रुपले पिछिडएको जाति,

ख. महिला तथा पुरूषलाई दुबैलाई बुझाउने समूह

ग. महिला तथा पुरूषको खास पहिचानभन्दा फरक विशेषता भएको वर्ग

घ. हेर्दा महिला र पुरूष भन्दा फरक देखिने समूह

४. अपाङ्गता भित्र तल दिइएका के कुरा पर्दछ ?

क. सुनाइसम्बन्धी समस्या भएको

ख. स्वर र बोलाइसम्बन्धी समस्या हुनु

ग. आँखासम्बन्धी समस्याले निम्त्याउने कठिनाइ

घ. माथिका सबै

५. सामजिक विभेद अन्त्यका निमित्त गर्नुपर्ने कार्य के हो ?

क. चेतना जगाउने

ख. नीतिगत व्यवस्था गर्ने

ग. अवसर प्रदान गर्ने

घ. माथिका सबै

**तल दिइएका वाक्यहरू सही भए (✓) र गलत भए (✗) चिह्न लगाउनुहोस् ।**

१. राष्ट्रीय मानव अधिकार आयोगले मानव अधिकार संरक्षण र प्रवर्धनमा कार्य गर्दछ । ☐

२. मानव अधिकार संरक्षणमा नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धता अनुसार कार्यहरु गर्नुपर्दछ । ☐

३. सामजिक विविधता र समावेशितालाई सँगै लैजान सकिँदैन । ☐

४. नेपाललाई बहुभाषिक, बहुधार्मिक, बहुजातीय र बहुधार्मिक राष्ट्रका रुपमा चिनिन्छ । ☐

५. कुनै पनि व्यक्तिले आफूले चाहेको लिङ्ग धारणा गर्नु उसको व्यक्तिगत अधिकार हो । ☐

६. पूर्ण अशक्त अपाङ्गतालाई सामजिक सुरक्षा भत्ता दिने गरिन्छ । ☐

७. नेपालको संविधानले राष्ट्रिय सभामा अपाङ्गताको प्रतिनिधित्व सुनिश्चित गरेको छ । ☐

८. सामजिक समावेशिताले समाजका सीमित वर्गलाई अवसर दिनुपर्छ भन्ने कुराको वकालत गर्छ । ☐

९. सामजिक विभेद अन्त्य गर्ने एकमात्र उपाय भएको विभेद विरूद्ध नीति बनाउनु हो । ☐

१०. नेपालमा परम्परागत रुपमा विभेद कायम हुनुका पछाडि सामाजिक चेतना पनि मुख्य कारण हो । ☐

**ल अब हेरौं है त, यहाँले कस्तो गर्नुभयो ? तपाईंको उत्तर पृष्ठ नं ...............दिइएको उत्तरसँग मिल्यो कि मिलेन ?**

तपाईंको उत्तर कति मिल्यो ?  सबै उत्तर सही भए धेरै राम्रो गर्नुभयो । तपाईंलाई बधाई छ । यसबाट थाहा हुन्छ कि तपाईंलाई यस मोडुलका सम्बन्धमा धेरै जानकारी छ । तर पनि तपाइँ आफूले थाहा पाइसकेको विषयवस्तुको समीक्षा गर्न यो मोडुलको अध्ययन गर्न सक्नुहुन्छ । यसो गर्दा तपाईंले थप केही नयाँ कुरा सिक्न पनि सक्नुहुन्छ ।

यदि तपाईंका उत्तरहरु अधिकांश मिलेन भने पनि चिन्ता नगर्नुहोस् । वास्तवमा यो मोडुल तपाईंकै लागि तयार गरिएको हो । यसको अध्ययनले तपाईंलाई दैनिक जीवनमा कामलाग्ने ज्ञान, सीप, अवधारणा आदिका सम्बन्धमा जानकारी हुने छ । यसको अध्ययनले तपाईंलाई माथिका सबै प्रश्नहरु ठिकसँग उत्तर दिन र अन्य धेरै कुराहरु पनि जान्न-बुझ्न मद्दत गर्ने छ । के तपाइँ तयार हुनुहुन्छ ? अब हामी पाठ सुरू गरौं है त ।

# पाठ १ नेपालमा मानव अधिकारका सवाल

के तपाईंले वैदेशिक रोजगारमा गएकाहरुले भने अनुसार काम नपाएको सुन्नु भएको छ ? के तपाईंले आमाको नाममा नागरिकता बनाउन नपाएको समाचार सुन्नु भएको छ ? तपाईंले मृगौलाका बिरामीहरुले निःशुल्क सेवा नपाएको, गरिबीले गर्दा विद्यालय जान नपाएको, बालबच्चालाई काममा लगाएको, महिला माथी घरेलु हिँसा जस्ता घटनाहरुअवश्य पनि सुन्नु भएको छ अथवा अनुभव गर्नु भएको छ । यी सबै कुराहरु मानव अधिकारअन्तर्गत पर्दछन र व्यक्तिले यस्ता अधिकारहरु अनिवार्य रुपमा प्राप्त गर्नुपर्ने हुन्छ । यस पाठमा हामी मानव अधिकारका विविध पक्षहरुको अध्ययन गर्नेछौं र नेपालमा मानव अधिकार संरक्षण र संवर्धन कसरी भइरहेको छ भन्ने कुरामा जानकार हुनेछौं ।

सबैभन्दा पहिले मानव अधिकारसम्बन्धी तयार पारिएको रेडियो कार्यक्रम हाम्रो अधिकार सुनौं है ।

**पढौं र मनन गरौं**



हरेक वर्ष डिसेम्बर १० लाई विश्वभर मानव अधिकार दिवसका रुपमा मनाउने गरिन्छ । यस वर्ष पनि मानव अधिकार आयोग तथा मानव अधिकारका क्षेत्रमा कार्य गर्ने विभिन्न सङ्घसंस्थाहरुले छुट्टाछुट्टै कार्यक्रम गरी यो दिवस मनाउन गइरहेका छन् । यसै सन्दर्भमा नेपालमा हाल मानव अधिकारको अवस्था कस्तो छ र नेपालले अन्तराष्ट्रिय रुपमा मानव अधिकारका क्षेत्रमा आफूलाई कसरी प्रस्तुत गरेको छ भन्ने जानकारी लिन आज हामीले नेपाल मानव अधिकार आयोगका सदस्यसँग कुराकानी गरेका छौं ।

**प्रस्तोता :** सर, नमस्कार अनि कार्यक्रममा धेरै धेरै स्वागत छ । आज हामी यहाँसँग नेपालको मानव अधिकारको सेरोफेरोमा रही कुराकानी गर्नेछौँ । सर्वप्रथम मानव अधिकारको विषयमा केही बताइदिनुहोस् न ।

**आयोग सदस्य :** कार्यक्रममा बोलाउनु भएकोमा धेरै धेरै धन्यवाद, सबैभन्दा पहिला मानव अधिकारका विषयमा केही कुरा गर्छु है । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार, "मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकारलाई सम्झनुपर्छ र सो शब्दले नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ ।" यसभित्र राजनीतिक, नागरिक अधिकार, सामाजिक, सांस्कृतिक, आर्थिक तथा सम्बन्धको अधिकारहरु पर्दछन्

**प्रस्तोता :** यो नागरिक र राजनितिक अधिकारभित्र के कस्ता अधिकार पर्दछन् छोटकरीमा बताँदिनुहुन्छ कि ?

**आयोग सदस्य :** मानव अधिकारको विश्वव्यापी घोषणपत्र, १९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६ ले यी अधिकारहरुको प्रत्याभूति गरेका छन् । नागरिक अधिकारभित्र जीवनको स्वतन्त्रता र वैयक्तिक सुरक्षाको अधिकार, भौतिक आक्रमण विरूद्धको अधिकार, गैह्रकानुनी थुना तथा देश निकाला र दासत्व विरूद्धको अधिकार, विचार आदि पर्दछन् । त्यसैगरी राजनीतिक अधिकारअन्तर्गत अभिव्यक्ति स्वतन्त्रता, सङ्गठन तथा शान्तिपूर्वक भेला हुन पाउने अधिकार, मतदान गर्न पाउने अधिकार एवं शासन गर्न पाउने अधिकार आदि पर्दछन् ।

**प्रस्तोता :** यीबाहेकका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबारे पनि भनिदिनुहोस् न ।

**आयोग सदस्य :** आर्थिक तथा सामाजिक अधिकार अन्तर्गत सम्पत्ति, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षाको अधिकार यसमा पर्दछन् । सांस्कृतिक अधिकार अन्तर्गत सांस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार, वैज्ञानिक खोजको अधिकार, साहित्य कलासम्बन्धी अधिकारहरु पर्दछन् । त्यसैगरी सम्बन्धको अधिकार अन्तर्गत सङ्गठित हुने अधिकार, सङ्घसंस्था खोल्ने अधिकार, सामुदायिक सम्बन्धको अधिकार, शान्तिपूर्ण जीवन व्यतीत गर्ने अधिकार, स्वच्छ वातावरणमा बस्न पाउने अधिकार पर्दछन् ।

**प्रस्तोता :** अनि अधिकारहरु कसरी प्राप्त गर्न सकिन्छ त ?

**आयोग सदस्य :** हरेक देशले मानव अधिकारसम्बन्धी बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरु इमान्दारीपूर्वक पालना गर्नु पर्दछ । नेपालको संविधान २०७२ ले माथि उल्लेखित सबै प्रकारका अधिकारहरु सुरक्षित गर्ने ग्यारेन्टी गरेको छ ।

**प्रस्तोता :** नेपालमा यी अधिकारको पालना तथा संरक्षण कसरी भइराखेको छ ? सरकारी तबरमा के कस्ता प्रयासहरु भइरहेका छन् ?

**आयोग सदस्य :** नेपालमा मानव अधिकारको संरक्षण र प्रवर्धनको निमित्त छुट्टै संवैधानिक आयोगका रुपमा मानव अधिकार आयोग रहेको छ । त्यसैगरी हरेक वर्गका आधिकार संरक्षण र प्रवर्धन गर्न विभिन्न आयोगहरु गठन गरिएको छ । जसअन्तर्गत राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोग आदि रहेका छन् ।

**प्रस्तोता :** मानव अधिकार आयोगले कसरी काम गरिरहेको छ सर ?

**आयोग सदस्य :** मानव अधिकार आयोगलाई नेपालको अन्तरिम संविधान २०६३ले संवैधानिक अङ्गको हैसियत प्रदान गरेको हो र हालको संविधानले पनि संवैधानिक आयोगको रुपमा यसलाई परिभाषित गरेको छ । मानव अधिकारको संरक्षण र प्रवर्धन गर्नु यसको मुख्य कर्तव्य हो र यसले मानव अधिकार संरक्षणमा अभिभावकीय भूमिका खेल्दछ ।

**प्रस्तोता :** मानव अधिकारको रक्षाका लागि नेपाल सरकारको भूमिका कस्तो पाउनुहुन्छ ?

**आयोग सदस्य :** मानव अधिकार रक्षाका लागि नेपाल सरकारले अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार कार्यहरु गर्दै आएको छ । मानव अधिकारको संरक्षण र प्रवर्धनमा अदालत, प्रहरी प्रसाशन सबैले काम गरिरहेका छन् ।

**प्रस्तोता :** नेपालको संविधानले पनि हरेक नागरिकको मानव अधिकारको ग्यारेन्टी गरेको छ हैन ?

**आयोग सदस्य :** हो नेपालको संविधानको भाग ३ मा धारा १६ देखि ४६ सम्म गरी ३१ ओटा हकको व्यवस्था गरिएको छ साथै धारा ४७ मा तीन वर्षभित्र मौलिक हकको कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण गरिने कुरा उल्लेख गरिएको छ ।

**प्रस्तोता :** धेरै धेरै धन्यवाद, आज धेरै नै जानकारीहरु हासिल गर्न सकियो । आशा छ हाम्रो कार्यक्रम सुनिरहनु भएका दर्शकहरुले अवश्य पनि मानव अधिकारसम्बन्धी धेरै कुरा थाहा पाउनुभयोहोला ।

**आयोग सदस्य :** मलाई यस कार्यक्रममा बोलाएर आफ्ना कुरा राख्न दिनुभएकोमा धेरै धेरै धन्यवाद ।



## अभ्यास क्रियाकलाप

**मानव अधिकारसम्बन्धी कार्यक्रम सुनिसकेपछि अब तल दिइएका प्रश्नको उत्तरहरू दिनुहोस् ।**

क. राष्ट्रिय मानव अधिकारले मानव अधिकारलाई कसरी परिभाषित गरेको छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

ख. नागरिक अधिकारअन्तर्गत पर्ने अधिकारहरूको उदाहरण दिनुहोस् ।

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

ग. नेपालमा मानव अधिकार संरक्षणमा कार्य गर्ने कुनै दुई सरकारी निकायको नाम र तिनले गर्ने एक-एक काम उल्लेख गर्नुहोस् ।

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

घ. नेपालको संविधानको कुन भाग र धारामा मानव अधिकारसम्बन्धी लेखिएको छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

ङ. राष्ट्रिय मानव अधिकार आयोगको प्रमुख कार्य के हो ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................



## स्वप्रेरित क्रियाकलाप

नेपालमा हरेक जातजाति तथा वर्गको मानव अधिकार संरक्षण तथा प्रवर्धन गर्न विभिन्न संवैधानिक आयोगहरुले कार्य गर्दै आएका छन् । तलको तालिकाको बायाँतर्फ आयोगहरुको नाम दिइएको छ । ती आयोगहरुको वेबसाइटमा जानुहोस् र ती आयोगहरुको कुनै एउटा उद्देश्य र गर्ने कुनै एक कार्य पहिचान गरी तालिकामा भर्नुहोस् । (सहजताका लागि वेबसाइटको लिङ्क पनि राखिएको छ)

| आयोगहरू | उद्देश्य तथा कार्य |
|---|---|
| राष्ट्रिय महिला आयोग<br>https://nwc.gov.np/ | उद्देश्य : |
| | |
| | कार्य : |
| | |
| राष्ट्रिय दलित आयोग<br>https://ndc.gov.np/ | उद्देश्य: |
| | |
| | कार्य : |
| | |
| राष्ट्रिय समावेशी आयोग<br>http://ninc.gov.np/ | उद्धेश्य: |
| | |
| | कार्य : |
| | |
| आदिवासी जनजाति आयोग<br>https://inc.gov.np/ | उद्धेश्य: |
| | |
| | कार्य : |
| | |
| मधेसी आयोग<br>http://madheshicommission.gov.np/ | उद्देश्य : |
| | |
| | कार्य : |
| | |

| | | |
|---|---|---|
| थारु आयोग<br><br>https://tharucommission.gov.np/ | उद्देश्य : | |
| | | |
| | कार्य : | |
| | | |
| मुस्लिम आयोग<br><br>https://muslimcommission.gov.np/ | उद्देश्य : | |
| | | |
| | कार्य : | |
| | | |

**जानीराखौ है**

तपाईले मानव अधिकार उल्लङ्घन सम्बन्धी कुनै घटना अनुभव अथवा थाहा पाउनु भएको छ भने तुरुन्त राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी गर्न सक्नुहुन्छ । यसका लागि मानव अधिकार हटलाईन ५०१०००० (पाँच शुन्य एक शुन्य शुन्य शुन्य शुन्य)मा चौबीसै घन्टा कल गर्न सकिन्छ र यसको लागि कुनै पैसा लाग्दैन । उजुरी जुनसुकै भाषामा पनि टिपाउन सकिन्छ, उजुरी अनुसार आयोगले मानव अधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पिडितलाई क्षतिपूर्ति दिलाउन पहल गर्नेछ ।

## पढौँ र मनन गरौँ

**अब आमाको नाममा नागरिकता प्राप्त गर्न नसकेको रामको अनुभव सुनौँ ।**

**आमाको नाममा नागरिकता खोइ ?**

घोराही नगरपालिका- ६, हापुरका २३ वर्षीय रामको थर नेपाली हो । यद्यपि उनले आफू "नेपाली" हुनुको अनुभूति गर्न पाएका छैनन् । विगत सात वर्षदेखि आमाको नामबाट नागरिकताका लागि पटक-पटक प्रशासन धाइरहे पनि नागरिकता नपाउँदा उनी थाकिसके । रामका बुबा श्यामकुमार नेपाली उनी छ महिनाको हुँदा नै बेपत्ता भए।त्यसपछि उनकी आमा जुनिमायाले माइतमै बसी बालगृहमा काम गर्दै उनीसहित तीन सन्तान एक्लै हुर्काइन् तर, उनीहरुलाई आफ्नो नामबाट नागरिकता दिलाउन सकिनन् ।

नागरिकता प्राप्तिको लडाइँमा जुनिमाया पटक-पटक प्रशासन धाइन् तर नागरिकता दिलाउन सकिनन् । त्यही चिन्ता र रोगका कारण दुई वर्षअघि उनको ५० वर्षको उमेरमै मृत्यु भयो । हाल राम सँग आमाको नागरिकता छ । जन्मदर्तालगायत वडाले नागरिकताका लागि बनाइदिएको सिफारिस पनि छतर जिल्ला प्रशासनले आमाको नामबाट कुनै पनि हालतमा नागरिकता बनाउन सक्दिन भन्छ। जिल्ला प्रशासन कार्यलयले आफ्नो बाबुको नागरिकता लेराए पछि मात्र नागरिकता बनाइदिने बताएको छ।जन्मेदेखि नै बाबु नदेखेका रामले आफ्नो बाबुको नागरिकता ल्याउन सक्ने कुरै भएन ।



बितेका सात वर्षमा रामले तीन वर्ष भौंतारिएर वडाबाट नागरिकताका लागि सिफारिससम्म प्राप्त गरे । त्यसपछि जिल्ला प्रशासन कार्यालय धाएको-धायै छन् । यो बीचमा दुई जना जिल्ला प्रशासन अधिकारी परिवर्तन भइसके तर उनको नागरिकताको समस्या सम्बोधन हुन सकेन । हाल उनी आफ्नो अध्ययन सकेर बैदेशिक रोजगारमा जान खोजिरहेका छन तर नागरिकता नहुदाँ पासपोर्ट बनाउन सकेका छैनन।नेपालमै जागिर खान पनि नागरिकता चाहिन्छ, नागरिकता नहुँदा आफू घरको न घाटको भएको भन्दै राम साथिहरुसँग दुःख पोख्ने गर्छन।नागरिकता नहुँदा काम पनि नपाएको र जिल्ला प्रशासन धाउँदा धाउँदा आफू झन् गरिबीमा फसेको राम बताउँछन् ।

माथिको घटनाले मानव अधिकार हनन भएको प्रस्ट रुपमा देखाउँछ । नेपालको संविधानको धारा १२ मा आमाको नामबाट नागरिकता लिन पाउने स्पष्ट व्यवस्था छ ।

राम नेपाली हाम्रो समाजको प्रतिनिधि पात्र हुन् जसले संविधानले ग्यारेन्टी गरेको भए पनि अधिकार प्राप्त गर्न सकेका छैनन् ।

**अब तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस्**

क. माथिको घटनामा व्यक्तिको कुन चाहिँ अधिकार हनन भएको पाउनुहुन्छ र किन ?

उत्तर : ..............................................................................................................

..............................................................................................................

..............................................................................................................

ख. माथिको घटनालाई आधार मान्दा रामले आफ्नो अधिकार प्राप्त गर्न नसक्दा भोग्नु परेका समस्या के के हुन सक्छन् ? कुनै दुई समस्या उल्लेख गर्नुहोस् ।

उत्तर : ....................................................................................................................

....................................................................................................................

....................................................................................................................

ग. नेपालमा यस्ता घटनाहरु घटिरहनुका कुनै दुई कारण के हुन सक्छन् ? कुनै २ कारणहरु उल्लेख गर्नुहोस् ।

उत्तर : ....................................................................................................................

....................................................................................................................

....................................................................................................................

**माथिको घटना जस्तै हाम्रो समाजमा यस्ता धेरै घटना हुन सक्छन् जुन मानव अधिकारका विभिन्न क्षेत्रहरू (नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, सम्बन्ध) सँग सम्बन्धित छन् । तपाईंले आफ्नो अग्रजसँग अन्तर्क्रिया गरी कुनै त्यस्तो एक घटनाका बारेमा जानकारी लिनुहोस् र तल दिइएका शीर्षकअनुसार जानकारी भर्नुहोस् ।**

१. मानव अधिकार हनन भएको क्षेत्र : ....................................................................................

....................................................................................................................

....................................................................................................................

२. भोग्नु परेको समस्या :....................................................................................................

....................................................................................................................

....................................................................................................................

३. समस्या समाधानका लागि भएका प्रयासहरू : ..........................................................................

....................................................................................................................

....................................................................................................................

## अब वैदेशिक रोजगारीबाट फर्किएकी रन्जिता तामाङको कथा पढौँ

## मेरो उपचार कसले गर्छ ?

रसुवा घर भएकी २५ वर्षीय रन्जिता तामाङको बिहेपछि आर्थिक समस्याले गर्दा जीवन बिस्तारै झनझन् कठिन हुन थाल्यो । श्रीमान्सँगको सल्लाह अनुसार गाउँको चिनेको एजेन्टमार्फत नै काठमाडौँबाट विदेश गइन् । उनले आफ्नो दुई वर्ष तीन महिनाको कुबेत बसाइमा विभिन्न गाली र कुटाइ जस्ता शारीरिक तथा मानसिक यातना खप्नु पऱ्यो । दुई वर्षको अन्तिम महिनामा भने काम ढिलो गरेको निहुँमा रोजगारदाताले पिट्न झम्टिँदा, उनी भाग्न खोजिन् र घरको सिँढीबाट लडेर निकैबेर बेहोस भइन् तर अस्पताल भने कसैले लगेनन् । दुर्घटनापछि उनको ढाड दुख्ने र टाउको दुख्ने समस्या हुन थालेकाले उनको कामको गति ढिलो हुन गई झन् बढी कुटाइ र कचकच सहनु परेको थियो । आफू शारीरिक रुपमा अशक्त भएको अनुभव भएपछि घर जान्छुभन्दा उनको भिसाको अवधि नसकी र सट्टामा अर्को काम गर्ने मान्छे नआई नेपाल जान नपाउने भनेर रोजगारदाताले धम्क्याए । त्यसपछि पनि उनी थप तीन महिना बस्न बाध्य भइन् ।

विदेशबाट फर्किएर उपचारका लागि उनले काठमाडौँको धेरै अस्पताल धाइन्, पैसा सकियो तर राम्रो उपचार हुन् सकेन । आफन्तले राष्ट्रिय अपाङ्ग महासङ्घमा जाँदा सहयोग स्वरुप केही सहुलियत हुने बताएकाले त्यहाँ गइन् तर खाली हात नै फ़किइन् । आफूसँग भएको आँट र पैसा सबै सकिएपछि "अब मरे पनि आफ्नो गाउँनै गएर मर्छु" भनेर गाउँ फर्किने निधो गरिन् तर फर्किंदा त्यहाँको अवस्था भूकम्पले झनै नाजुक बनाएको थियो । बस्नका लागि घर थिएन छुट्टिएर बसेको परिवार एकै छाप्रामा बस्नुपर्ने बाध्यता थियो । उनी भने आफू शारीरिक रुपमा अशक्त त थिइन् नै तर परिवार संयुक्त रुपमा बस्न थालेकाले घरको कामको बोझ पनि थियो । श्रीमान् पनि उनलाई गाउँमा ल्याएर विदेश हिँडिहाले । उनी घरमा खेतबारीको काम गर्न नसके पनि खाना पकाउने काम चाहिँ जसो-तसो सघाउँछिन् । उनी भन्छिन्, "सबै काम करले मात्र गर्छु, घोप्टिदा टाउको फुट्ला जस्तो हुन्छ भने ढाडको त भर नै हुँदैन ।" कुनै बेला ढाड र टाउको दुखाइ सहन नसकेर माइत गएर पनि बस्ने गर्छिन् । तर कति दिन? आफ्नो यस्तो लाचारी (उनको अनुभवमा) जीवन देखेर उनलाई आजभोलि मृत्यु सजिलो र शान्तिको बाटो हो भन्ने सोच आउन थालेको छ ।

यसरी रन्जिता जस्तै वैदेशिक रोजगारबाट शारीरिक समस्या भएर फर्केका तर उपचार र साथ नपाउँदा यहाँ आए पछि बिस्तारै मानसिक समस्याको पनि शिकार हुनेहरुको सङ्ख्या बढ्दो छ । वैदेशिक रोजगारको अध्ययन अनुसन्धानका क्रममा जाँदा नेपालका विभिन्न जिल्लामा कतिपय यस्ता अवस्थाहरु पाउन सकिन्छ । नेपालको संविधानले स्पस्ट रुपमा निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने भन्ने लेखेको छ, वैदेशिक रोजगारको हकमा त झन् श्रम ऐन नै लागु भएको छ जसले वैदेशिक रोजगारमा गएकाहरुको अधिकार संरक्षणमा काम गर्दछ ।

### अब तलका प्रश्नहरूको उत्तर दिनुहोस्

क. रन्जिताले वैदेशिक रोजगारमा जाँदा भोग्नुपरेको मुख्य समस्या के हो ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

ख. रन्जिता नेपाल फर्कनुको मुख्य कारण के हो ?

उत्तर : ........................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

ग. नेपाल आइसकेपछि रन्जिताले के कस्ता कठिनाइको सामना गरिरहेकी छन् ?

उत्तर : ........................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

घ. के यस घटनामा रन्जिताको मानव अधिकार हनन भएको पाउनुहुन्छ ? कसरी ?

उत्तर : ........................................................................................................................

..................................................................................................................................

..................................................................................................................................



## अन्तरक्रियात्मक क्रियाकलाप

रन्जिता जस्तै हजारौँ नेपालीहरु वैदेशिक रोजगारीमा जाँदा मानव अधिकार हननको सिकार भएका छन् । तपाईंले कम्तीमा ३ जना आफ्नो अग्रजहरु अथवा समाजका बुद्धिजीवीहरुसँग अन्तर्क्रिया गर्नुहोस् र वैदेशिक रोजगारीमा गएका मानिसहरुको मानव अधिकारको संरक्षणमा राज्यले कस्तो भूमिका खेल्नुपर्छ भन्ने प्रश्न सोधी उहाँहरुको विचार सङ्कलन गर्नुहोस् र तल बुँदागत रुपमा ती विचारहरु छोटकरीमा लेख्नुहोस् ।

१. .............................................................................................................................

..................................................................................................................................

२. .............................................................................................................................

..................................................................................................................................

३. ..................................................................................................................................

..................................................................................................................................

४. ..................................................................................................................................

..................................................................................................................................

५. ..................................................................................................................................

..................................................................................................................................

**अब अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेका केही प्रतिबद्धताहरूलाई छोटकरीमा हेरौँ**

१. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आइसीसीपीआर), ले सबै नागरिकको नागरिक तथा राजनीतिक अधिकार प्राप्तिको निश्चितता गरेको छ ।

२. महिला विरुद्ध हुने सबै किसिमको भेदभाव अन्त्य गर्ने महासन्धि (सीड)मा प्रतिबद्धता जनाउनुको साथ साथै अन्तराष्ट्रिय रुपमा नेतृत्वदायी भूमिका खेलेको छ, हाल यस कमिटीको उपाध्यक्ष नेपालबाट बन्दना राणा हुनुहुन्छ

३. बाल अधिकार सम्बन्धी महासन्धि (सीआरसी) र सबै किसिमका नश्लीय भेदभाव अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धि (आइसीइआरडि)मा पनि नेपाल हस्ताक्षर गर्ने राष्ट्र हो ।

४. नेपाल पक्षधर रहेको मानव अधिकार सन्धि आइसीसीपीआरले दलितमाथि हुने नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घन स्पष्ट प्रतिबन्ध गरेको छ । जसअन्तर्गत, विभिन्न बन्दी अवस्थामा रहेका सबै व्यक्तिका अधिकार सुनिश्चित गर्न नेपाल प्रतिबद्ध रहन्छ ।

५. त्यसका अतिरिक्त, विचार र अभिव्यक्तिको स्वतन्त्रता, सभा सम्मेलनको स्वतन्त्रता, विवाह गर्न उपयुक्त उमेर भएका पुरूष तथा महिलाले स्वतन्त्रतापूर्वक विवाह गर्ने अधिकार, प्रत्यक्ष वा स्वतन्त्रतापूर्वक निर्वाचित प्रतिनिधिमार्फत सार्वजनिक जीवनमा सहभागी हुने अधिकार, मतदान गर्ने अधिकार, संस्कृति उपभोग गर्ने तथा स्वतन्त्रतापूर्वक धर्म मान्ने र नेपालमा आवजावत र आवासको अधिकार सुनिश्चित गर्न नेपाल प्रतिबद्ध रहन्छ ।

## के तपाइलाई थाहा छ ?

**विद्यमान नेपाल कानूनहरुले विभिन्न मानव अधिकारहरुको सृजना, संरक्षण र प्रवर्द्धन गरेका छन् । ती प्रमुख कानूनहरु यस प्रकार छन:**

- » मानव अधिकार आयोग ऐन, २०६८: यसले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता प्रदान गरेको छ ।
- » नागरिक अधिकार ऐन, २०१२ : यसले प्रत्येक नेपाली नागरिकको स्वतन्त्रता, धर्म, सम्पति आदिको हकलाई सुनिश्चित गरेको छ ।
- » जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ : यसले जातीय भेदभाव तथा छुवाछुत विरूद्ध विभिन्न हक सुनिश्चित गरेको छ ।
- » आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ , आइएलओ महासन्धी १६९ लगायतले आदिवासी जनजातिको संस्कृति र पहिचान सम्बन्धी हक प्रदान गरेको छ ।
- » घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, मानव बेचविखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४, राष्ट्रिय महिला आयोग ऐन, २०६३ ले महिला सम्बन्धी विभिन्न हकहरूको सृजना तथा संरक्षण गरेको छ ।
- » श्रम ऐन, २०७४, ट्रेड यूनियन ऐन, २०४९ लगायतका कानूनहरूले श्रमिकहरूको हक सुनिश्चित गरेको छ ।
- » नेपाल मानव अधिकार सम्बन्धी २२ अन्तराष्ट्रिय महासन्धीहरूको पक्ष राष्ट्र भएको छ ।

## सम्झनुपर्ने मुख्य मुख्य बुँदाहरू

- » नेपालको संविधानको भाग तीनको धारा १६ देखि ४६ सम्म गरी ३१ ओटा मौलिक हकको व्यवस्था गरिएको छ ।
- » मानवलाई न्यूनतम मानवीय मर्यादासहित हुर्कन, बाँच्न र जीवनयापन गर्नका लागि आवश्यक अधिकारहरुको समष्टिलाई मानव अधिकार भनिन्छ ।
- » सन् १९४८ मा संयुक्त राष्ट्र सङ्घको प्रयासमा विश्वव्यापी मानव अधिकारसम्बन्धी घोषणापत्र जारी भएको थियो ।
- » मानवअन्तर्गत नागरिक, राजनितिक, आर्थिक, सामाजिक, सांस्कृतिक र सम्बन्ध राख्ने अधिकारहरु पर्दछन् ।

» नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक निकायका रुपमा राखेको छ र संविधान २०७२ ले त्यसलाई अनुमोदन गरेको छ ।

» मानव अधिकार आयोग नेपालमा मानव अधिकार संरक्षण र प्रवर्धनमा कार्य गर्ने एक स्वायत्त संस्था हो जसले सरकारलाई पनि मानव अधिकार घटनामा सचेत गराउँछ ।

» मानव अधिकार रक्षा र प्रवर्धन गर्ने संवैधानिक आयोगका रुपमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोग आदि रहेका छन् ।

» नेपालले मानव अधिकार संरक्षणमा अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धता पालना गर्न विभिन्न आयोग तथा अन्य निकायमार्फत काम गर्ने गर्छ ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दीइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. मानव अधिकार आयोग नेपालको संविधान २०७२ अनुसार बनेको हो । [ ]

ख. हरेक नागरिकको अधिकार संरक्षण गर्नु राष्ट्रको मूल दायित्व हो । [ ]

ग. मानव अधिकार संरक्षणमा कार्य गर्ने संवैधानिक आयोगहरुले सरकारले भनेबमोजिम कार्यहरु गर्दछन् र सरकारले चाहे अनुसारका प्रतिवेदन बनाउँछन् । [ ]

घ. मानव अधिकारका सिद्धान्तहरु केवल खास देशमा हुने घटनामा मात्र लागु हुन्छ । [ ]

ङ. मानव अधिकार हननका विरूद्ध कानुनी उपचारमा जाँदा राज्यको स्वीकृति लिनुपर्छ । [ ]

## पृष्ठपोषण

**मानव अधिकार सम्बन्धी कार्यक्रम सुनिसकेपछि अब तल दिइएका प्रश्नको उत्तरहरू दिनुहोस् ।**

**क. राष्ट्रिय मानव अधिकारले मानव अधिकारलाई कसरी परिभाषित गरेक छ ?**

उत्तर : राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार, "मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकारलाई सम्झनुपर्छ र सो शब्दले नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर ।ष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ ।"

ख. नागरिक अधिकार अन्तर्गत पर्ने अधिकारहरूको उदाहरण दिनुहोस् ।

उत्तर : नागरिक अधिकारभित्र जीवनको स्वतन्त्रता र वैयक्तिक सुरक्षाको अधिकार, भौतिक आक्रमण विरूद्धको अधिकार, गैह्रकानूनी थुना तथा देश निकाला र दासत्व विरूद्धको अधिकार, विचार आदि पर्दछन् ।

ग. नेपालमा मानव अधिकार संरक्षणमा कार्य गर्ने कुनै दुई सरकारी निकायको नाम र तिनले गर्ने एक-एक काम उल्लेख गर्नुहोस् ।

उत्तर : अदालतः पीडितलाई न्याय दिने,
प्रहरी प्रशासन : कसैले मानव अधिकार हनन गरको छ भने दोषीमाथि कारबाही गर्ने,

घ. नेपालको संविधानको कुन भाग र धारामा मानव अधिकारसम्बन्धी लेखिएको छ ?

उत्तर : नेपालको संविधानको भाग ३ मा धारा १६ देखि ४६ सम्म गरी ३१ ओटा हकको व्यवस्था गरिएको छ साथै धारा ४७ मा तीन वर्षभित्र मौलिक हकको कार्यान्वयनको लागि आवश्यक कानुन निर्माण गरिने कुरा उल्लेख गरिएको छ ।

ङ. राष्ट्रिय मानव अधिकार आयोगको प्रमुख कार्य के हो ?

उत्तर : मानव अधिकारको संरक्षण र प्रवर्धन गर्नु यसको मुख्य कर्तव्य हो र यसले मानव अधिकार संरक्षणमा अभिभावकीय भूमिका खेल्दछ ।

**अब तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस्**

क. माथिको घटनामा व्यक्तिको कुन चाहिँ अधिकार हनन भएको पाउनुहुन्छ र किन ?

उत्तर : माथिको कथामा व्यक्तिको नागरिक अधिकार हनन भएको पाइन्छ किनकि कुनै पनि मुलुकमा जन्मेपछि उक्त व्यक्ति त्यस देशको नागरिक हुन पाउनुपर्छ ।

ख. माथिको घटनालाई आधार मान्दा रामले आफ्नो अधिकार प्राप्त गर्न नसक्दा भोग्नुपरेका समस्या के के हुन सक्छन् ? कुनै दुई समस्या उल्लेख गर्नुहोस् ।

उत्तरः पहिलो कुरा उनी बेरोजगार हुनुपरेको छ भने दोस्रो पासपोर्ट बनाउन नसक्दा वैदेशिक रोजगारीमा जान समस्या भएको छ ।

ग. नेपालमा यस्ता घटनाहरू घटिरहनुका कारण के हुन सक्छन् ? कुनै २ कारणहरू उल्लेख गर्नुहोस् ।

उत्तर : सम्बन्धित निकाय जिम्मेबार नुहुनु र स्पस्ट रुपमा नीतिगत व्यवस्था नहुनु ।

### अब तलका प्रश्नहरूको उत्तर दिनुहोस्

क. रन्जिताले वैदेशिक रोजगारीमा जाँदा भोग्नुपरेको मुख्य समस्या के हो ?

उत्तर : उनले तीन महिनाको कुवेत बसाइमा विभिन्न गाली र कुटाइ जस्ता शारीरिक तथा मानसिक यातना खप्नु पर्‍यो । दुई वर्षको अन्तिम महिनामा भने काम ढिलो गरेको निहुँमा रोजगारदाताले पिट्न झम्टिँदा, उनी भाग्न खोजिन् र घरको सिँढीबाट लडेर दुर्घटना परेपछि उनको ढाड दुख्ने र टाउको दुख्ने समस्या हुन थालेकाले कामको गति ढिलो हुन गइ उनले झन् बढी कुटाइ र कचकच सहनुपरेको थियो ।

ख. रन्जिता नेपाल फर्कनुको मुख्य कारण के हो ?

उत्तर : उनले विदेशमा अपाङ्गता भएपछि काम गर्न सकिनन् र नेपाल फर्कनुपर्‍यो ।

ग. नेपाल आइसकेपछि रन्जिताले के कस्ता कठिनाईको सामना गरिरहेकी छिन् ?

उत्तर : उनको उपचार हुन सकेको छैन, अपाङ्गता भएपनि सहयोग प्राप्त गर्न सकेकी छैनन् । अर्कोतर्फ भूकम्पले उनको घर भत्काएको र उनको कामको बोझ झन् बढी रहेको छ ।

घ. के यस घटनामा रन्जिताको मानव अधिकार हनन भएको पाउनुहुन्छ ? कसरी ?

उत्तर : यो यस घटनामा रन्जिताको मानव अधिकार हनन भएको छ, किनकि उपचार प्राप्त गर्नु तथा आवास प्राप्त गर्नु मानव अधिकारभित्र पर्छ जुन उनले प्राप्त गर्न सकेकी छैनन् ।

## स्व-मुल्याङ्न अभ्या

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. मानव अधिकार आयोग नेपालको संविधान २०७२ अनुसार बनेको हो । ✗

ख. हरेक नागरिकको अधिकार संरक्षण गर्नु राष्ट्रको मूल दायित्व हो । ✓

ग. मानव अधिकार संरक्षणमा कार्य गर्ने संवैधानिक आयोगहरुले सरकारले भनेबमोजिम कार्यहरु गर्दछन् र सरकारले चाहेअनुसारका प्रतिवेदन बनाउँछन् । ✗

घ. मानव अधिकारका सिद्धान्तहरु केवल खास देशमा हुने घटनामा मात्र लागु हुन्छन् । ✗

ङ. मानव अधिकार हननका विरूद्ध कानुनी उपचारमा जाँदा राज्यको स्वीकृति लिनुपर्छ । ✗

पाठ २

# सामजिक विविधता र समावेशिता

तपाईँको सामुदायमा पक्कै पनि विविध जातजाति, धर्म तथा संस्कृति मान्ने मानिस छन् होला ? ती फरक जातजाति, भाषा, संस्कृति मान्ने मानिसहरु एकअर्कासँग के मिलेर बसेका छन् ? कि आपसमा मनमुटाब राख्दै बसेका छन् ? के तपाईं आफू एउटा जातिको भए पनि अन्य जाति वा धर्मको चाडबाड मनाउनुहुन्छ वा अन्य जाति, धर्मको संस्कृतिमा आफूलाई पनि समावेश गर्नु भएको छ ? नेपालमा जातजाति, भाषा, भौगोलिक तथा सांस्कृतिक हिसाबले विविधता रहेको छ। नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकले आफ्नो जातियता, भाषा तथा संस्कृति अनुरुप सम्मानका साथ बाँच्न पाउने अधिकारको सुनिश्चित गरेको छ। एक अर्कालाई सम्मान गर्ने र एक अर्कामा अन्तरनिर्भर हुनु नेपालीहरुको संस्कृति नै हो। यस पाठमा हामी नेपालमा भएका सामाजिक विविधता र ती विविधता बिच पनि नेपाली समाज कसरी अगाडि बढेको छ भन्ने विषयमा छलफल गर्नेछौं।

### सबैभन्दा पहिले विविधतामा एकता बारे कविता सुनौं

**विविधतामा एकता**

हिमालदेखि तराईसम्म फैलिएको हाम्रो देश
जातिय अनुसार आफ्नै पहिचान र आफ्नै भेष
चार जात छत्तिस वर्णको साझा फुलबारी
सबै जातजातिको बिचमा स्नेह मनभरी
ब्राह्मण, क्षेत्री, वैश्य अनि शूद्र
सबै जना एक अर्काका मित्र
हिन्दु, बौद्ध, इस्लाम, इसाई अनि जैन
सुख, शान्ती र मेलमिलापले चैन
हरेक जनजातिका आफ्नै भाषा
एकतामा बाँधिएर एउटै माला गाँस
भौगोलिक भिन्नता छ, फरक छ नि हावापानी
सबै नेपाली एक अर्कामा मिलेर बस्ने छ नि बानी
पहाडबाट नदी निस्की निकाल्छौं बिजुली
तराईबाट उब्जनी गरी खान्छौं मिलीजुली।



## अब तलका प्रश्नहरूको उत्तर दिनुहोस्

क. माथिको कवितामा नेपालका चार वर्णको उल्लेख गरिएको छ, ती चार वर्णहरु के के हुन् ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

ख. कवितामा कविले नेपालका विविध धर्मका बारेमा उल्लेख गरेका छन्, ती के के हुन् ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

ग. कविका अनुसार नेपालको तराई र पहाडका कुनै एक एक विशेषता के हुन् ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

घ. यस कविताले दिन खोजेको मुख्य सन्देश के हो ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................



## खोज क्रियाकलाप

नेपालका हरेक प्रदेशहरु जातिगत, भाषागत, धर्म तथा संस्कृतिमा धनी छन्, उनीहरुको आ-आफ्नै विशेषताहरु रहेका छन् । तपाईँ बसोबास गर्ने प्रदेशमा बस्ने विविध प्रकारका जातजाति, भाषा धर्म तथा संस्कृति बारेमा इन्टरनेट अथवा समाजका अगुवासँग जानकारी हासिल गर्नुहोस् र तलको तालिकामा भर्नुहोस् ।

| | |
|---|---|
| **प्रदेशको नाम** | |
| **मुख्य जातजातिहरू (कम्तीमा पाँच)** | |
| **मुख्य बोलिने भाषाहरू (कम्तीमा पाँच)** | |
| **मुख्य मानिने धर्महरू** | |
| **(कम्तीमा पाँच)** | |
| **मुख्य सांस्कृतिक विशेषता** | **चाडबाडहरू :** |
| | **भेशभूषाहरू :** |
| | **जात्रा अथवा अन्य स्थानीय पर्वहरू** : |
| | **विशेष खानाका परिकारहरू** : |

यो तालिका भरिसकेपछि परिवारका सदस्य अथवा साथीहरुसँग आफ्नो प्रदेशका बारेमा थप छलफल गर्नुहोस् र यस तालिकामा केही थपघट गर्नुपर्ने भए गर्नुहोस् ।

माथिको तालिकामा हामीले फरक जाति, धर्म, भाषा तथा संस्कृतिबारे बुझ्ने मौका पायौँ । यसरी हाम्रो समाजमा भएका फरक फरक जातजाति, भाषा, धर्म एवम् संस्कृति भएका मानिसहरुसँगै बसेको अवस्थालाई सामाजिक विविधताको अवस्था भनिन्छ । नेपाललाई सामजिक विविधताको सुन्दर उदाहरणका रुपमा लिन सकिन्छ । नेपालमा भएका यिनै सामजिक विविधताले गर्दा नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक देशका रुपमा लिइन्छ । जसरी फुटबल खेलमा सबै ११ जना खेलाडीहरुको समन्वयले मात्र एउटा टिमले राम्रो गर्न सक्छ, हाम्रो समाजमा पनि यी विविध पक्षहरुको समन्वयले समाजमा मेलमिलाप तथा एकता कायम राख्दछ ।

**नेपालको सामाजिक विविधता सम्बन्धी थप जानकार हुन तलको चित्र हेरौँ**

**नेपालमा बिबिधता**

**भाषिक बिबिधता**
बि.स. २०६८ को जनगणना अनुसार नेपालमा १२३ मातृभाषाहरु बोलिन्छन ।

**क्षेत्रीय बिबिधता**
भौगोलिक हिसाबले नेपाललाई हिमाल, पहाड र तराई गरी तीन भागमा बिभाजन गरिएको छ ।

**धार्मिक बिबिधता**
नेपालको संबिधानले नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरेको छ र यहाँ १० प्रकारका धर्म मान्ने मानिसहरु बस्दछन ।

**जातिगत बिबिधता**
बि सं. २०६८को जनगणना अनुसार यहाँ १२५ जातजातीका मानिसहरु बस्दछन र हरेकले छुट्टै पहिचान बोकेका छन ।

## पढौँ र विचार गरौँ

हाम्रो देशमा सामाजिक विविधता बिचमा पनि एकता रहेको छ । देशको फरक फरक क्षेत्रमा फरक जातजाति तथा सांस्कृतिक पहिचान बोकेका मानिसहरु बसोबास गर्दछन् । हरेक जातिको आफ्नो छुट्टै पहिचान रहेको हुन्छ भने भौगोलिक बनावटअनुसार फरक फरक संस्कृति बोकेका हुन्छन् । अब हामी हाम्रो पहिचान विचार गोष्ठीमा आएका सहभागीहरुको भनाइ सुन्नेछौँ ।



नमस्ते ! म अन्जु यादव हुँ । मेरो घर सिराहा हो । हाम्रो घरमा १५ जना परिवार छौँ।हामी मुख्य गरी दशैँ, तिहार, छठ र होली पर्व मनाउछौं र हिन्दु धर्म मान्छौ। हामीले आपसमा कुरा गर्दा मैथलीमा कुरा गर्छौ। हाम्रो मुख्य पेशा कृषि हो।हामी सामान्य दालभात तथा रोटी खान्छौ । हाम्रो परिवार सगोलमा बस्छ र एक अर्कालाई परेको सहयोग गर्छौ ।हामी प्राय धोती लगाउछौं ।


हाई, म मिना थापा हुँ। मेरो घर सुर्खेत हो । मेरो गाउँमा नेवार, क्षेत्री, बाहुन, मगर, मुस्लिम बस्दछन् । सवै मिलेर मेलापात गर्ने, चाडपर्व मनाउने, जात्रा भर्ने चलन छ। परम्परादेखि चलिआएको गुठी, भेजा, कुलायन, माघी जस्ता पर्वले बेलाबेलामा भेटघाट गर्ने मौका दिएको छ । हामी हिन्दु धर्म मान्छौ तर हाम्रो गाउँमा अन्य धर्म मान्ने मानिसहरू पनि छन तर एक अर्कालाई सम्मान गर्छौ । हाम्रो परिवारका अधिकांस सदस्यहरू नेपाल आर्मी र पुलिसमा हुनुहुन्छ।





हेल्लो ! म विक्रम गुरूङहुँ । मेरो घर गोर्खा हो । मेरो क्षेत्रमा बढी गुरूङ, घले, क्षेत्री र सुनारहरू बस्दछन। हामी बौद्ध धर्म मान्छौ र मुख्य गरी तमु ल्होसार मनाउछौं । हाम्रा परिवारका अधिकांस सदस्यहरू बेलायत तथा भारतीय आर्मीमा छन र कोहि व्यापारमा पनि संग्लन्न छन। हामी हाम्रो संस्कृतिलाई धेरै नै आदर गर्छौ।हामी रोधीघरमा गएर रमाइलो गर्छौं र मारूनी नृत्य पनि गर्छौ।

नमस्ते ! म सहवीर मगर हुँ। मेरो घर काभ्रे हो । हामी खेतीपाती गर्छौं, कोहि परिवारका सदस्यहरू नेपाल पुलिस र आर्मीमा पनि हुनुहुन्छ। हामी बौद्ध धर्म मान्छौं साथै दशैँ तिहार, माघे संक्रान्ती संगसंगै बुद्ध जयन्ती पनि मनाउछौं । हामी कहाँ सोरठी तथा घाटु नाच देखाइने गरिन्छ। हामी खास गरी मागी बिबाहमा विस्वास गर्छौं ।





हाई ! म नम्रता कोईराला हुँ । मेरो घर झापा हो । हाम्रो समुदायमा हिन्दु, मुस्लिम, बौद्ध, इसाई, धर्मालम्बीहरु छन् । धार्मिक समारोह, चाडपर्व, जात्रा, पूजाआजामा सबै धर्मालम्वीहरु सहभागी हुन्छन्, मनाउँछन् । धार्मिक सहिष्णुता यहाँको आदर्श र अनुकरणीय उदाहरण हो । दसैं, तिहार, छठ, माघी, तथा ल्होसार जस्ता पर्वहरू सबैले मनाउछन। हाम्रा परिवारका अधिकांस सदस्यहरू अस्ट्रेलिया, जापान, कोरिया लगाएतका देशमा पढ्न तथा काम गर्न गएका छन ।



हेल्लो ! म  महेश श्रेष्ठ हुँ । मेरो घर ललितपुर हो । हाम्रो समाजमा विभिन्न सास्कृतिक रीतिरिवाज छ । जन्म, मृत्यु र विवाह संस्कारका साथै चाडपर्व लगायतका विविध पक्षहरु हाम्रो रीतिरिवाज हो । घोडेजात्रा, इन्द्रजात्रा, गाईजात्रा, तिज,बुद्धपूर्णिमा , ल्होसार, होली आदि पर्वहरु हामी बिचमा एकतावद्ध राख्ने पर्व हो । यसले  हामीबिचको भाइचारा तथासद्भाव  बढाएको छ। हामी हाम्रो जात्रा तथा स्थानीय चाडहरूलाई एकदमै महत्व दिन्छौं ।



हाई ! म  पेमा शेर्पा हुँ । मेरो घर मुस्ताङ हो । हामी बुद्ध धर्म मान्छौ। हाम्रा अधिकांस परिवारका सदस्यहरू ब्यापार ब्यबसायमा लागेका छन।हामीले चौरी, भेंडा तथा च्यांग्रा पनि पालेका छौं र स्याउ खेती पनि गरेका छौं । हामी मुस्ताङमा बस्नेहरूले धेरै जसो झाँगी र बख्खु लगाउछौं । हामी मुख्य रूपमा ल्होसार, दुम्जे र मणि रिम्दु चाड मनाउछौं ।




हाई ! म पहलमान तामाङ  हुँ । मेरो घर नुवाकोट हो । हामी बुद्ध धर्म मान्छौ।तर पछिल्लो दिनमा इसाई धर्म मान्नेहरूको पनि संख्या बढ्दै गएको छ। हामी खेतीपाती गर्छौ र हाम्रा परिवारका केहि सदस्यहरू ब्यापार ब्यबसायमा लागेका छन । हामी दशैं, तिहार, माघी लगाएत बुद्ध जयन्ती मनाउछौं । हामी भुमि र प्रकृति पुजा पनि गर्छौ र तन्त्र मन्त्रमा पनि विश्वास राख्छौं ।



हाई ! म शान्ता चौधरी हुँ । मेरो घर कैलाली हो । हामी खेतीपातीमा आवद्ध छौं । हामी हिन्दु धर्म मान्छौं तर आजकाल इसाई धर्म मान्नेहरूको संख्या पनि बढ्दै गएको छ । हामी सामुदायिक खेती पनि गर्छौं र गाउँमा एकअर्कामामिलेर सहयोग गर्ने चलन छ। हामी माघी र जितिया पर्व धुमधामले मनाउछौं। हाम्रोमा महिलाहरूले लुंगी, चोली तथा घाँघर तथा पुरूषहरूले कछाड तथा धोती लगाउने चलन छ । हामी लौरो नाच तथा धान नाच पनि गर्छौं ।

हाई ! म हसिना खातुन हँ । मेरो घर कपिलवस्तु हो । हामी मुसलमान हौं । हाम्रो संस्कृति अरू भन्दा फरक छ तर हामी सबैको संस्कृतिलाई सम्मान गर्छौं । हामी इद र रामजान मनाउछौं साथौ दशैं पनि आफ्नै तरिकाले मनाउछौं । हामी ब्यापार तथा ब्यबसायमा आवद्ध छौं । हामी महिलाहरूले अनिवार्य रूपमा बुर्का लगाउनुपर्छ। हामीले दिनको एकपटक नवाज पढ्ने गर्छौं ।



### अब तलका प्रश्नहरूको उत्तर दिनुहोस्

**१. हाम्रो समाजमा के कस्ता विविधताहरू रहेका छन् ?**

**२. हाम्रो समाजमा एकता कायम गर्न के कस्ता उपायहरू अपनाउन सकिन्छ ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।**

**माथि हामीले नेपालका फरक फरक भूगोलका दश फरक जातजातिका मानिसहरूको संस्कृतिका बारेमा जान्ने मौका पायौँ । यी फरक जातजातिको अध्ययन गरिसकेपछि, हरेक जातिको खास दुई विशेषता (भाषा, चाड, खाना, वेशभूषा, चालचलन आदि)पहिचान गर्नुहोस् र तलको तालिकामा भर्नुहोस् । सजिलोका लागि एउटा उदाहरण दिइएको छ ।**

| जातजाति | विशेषता |
|---|---|
| क्षेत्री | - अधिकांश प्रहरी र आर्मीमा आबद्ध |
| | - दशैं तिहार तथा कुलपूजा गर्ने |
| गुरूङ | |
| | |
| तामाङ | |
| | |
| शेर्पा | |
| | |
| मगर | |
| | |
| थारु | |
| | |
| नेवार | |
| | |
| यादव | |
| | |

**तल बायाँ भागमा भएका उदाहरणहरू दायाँ भागका कुन विविधतासँग मिल्छ जोडा मिलाउनुहोस् ।**

| | | |
|---|---|---|
| क. धार्मिक विविधता | [ ] | हिमाल, पहाड र तराई |
| ख. भाषिक विविधता | [ ] | चाडपर्व, वेशभूषा, रहनसहन |
| ग. भौगोलिक विविधता | [ ] | हिन्दु, बौद्ध, इसाई, इस्लाम |
| घ. जातीय विविधता | [ ] | नेपाली, मैथली, भोजपुरी, नेवारी |
| ङ. सांस्कृतिक विविधता | [ ] | क्षेत्री, राई, लिम्बु, मगर |

**तल दिइएको बाकसबाट जातिगत रूपमा खास विशेषता दिइएको छ, यी विशेषता कुन जातीसँग सम्बन्धित छ खाली ठाउँ भर्नुहोस् ।**

इद, सोरठी, रोधीघर, छठ, कुलायन, गाईजात्रा, दुम्जे, भूमिपूजा, जितिया

क. यादव ........................................................................................................

ख. क्षेत्री ........................................................................................................

ग. तामाङ ........................................................................................................

घ. मगर ........................................................................................................

ङ. शेर्पा ........................................................................................................

च. थारु ........................................................................................................

छ. मुस्लिम ........................................................................................................

ज. गुरूङ ........................................................................................................

झ. नेवार ........................................................................................................

## के तपाईंलाई थाहा छ

» नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतायुक्त राष्ट्र हो भने धर्मनिरपेक्ष, समावेशी राज्य हो ।

» संविधानले नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा र सरकारी कामकाज र सम्पर्क भाषा देवनागरी लिपिमा लेखिने नेपाली हुने व्यवस्था गरी भाषिक विविधतालाई प्रवर्द्धन गरेको छ ।

» समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागी हुने हक प्रदान गरी सरकारी सेवामा सहभागी हुने अवसर सबैका लागि सुरक्षित गरेको छ ।

» संबिधानमा सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनी संरक्षणबाट वञ्चित नगर्ने भन्ने कुरा उल्लेख छ ।

» सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, अपांगता, भाषा वा क्षेत्र वैचारिक आस्थाका आधारमा भेदभाव नगर्ने सुनिश्चितता प्रदान गरेको छ ।

## सम्झनुपर्ने मुख्य मुख्य बुँदाहरू

» हाम्रो समाजमा भएका फरक फरक जातजाति, भाषा, धर्म एवम् संस्कृति भएका मानिसहरुसँगै बसेको अवस्थालाई सामाजिक विविधताको अवस्था भनिन्छ ।

» समाजमा भएका विविध पक्षहरुको समन्वयले समाजमा मेलमिलाप तथा एकता कायम राख्न मद्दत गर्दछ ।

» समाजमा भएका विविधतालाई व्यवस्थापन गर्न सकेमा सामाजिक सद्भाव कायम राख्न सकिन्छ ।

» नेपालमा करिब १२५ जातजाति, १२३ भाषा बोलिने भाषा र १० भन्दा बढी धर्म मान्ने मानिसहरु बसोबास गर्दछन् ।

» देशमा रहेका सबै वर्ग, समूह, समुदाय र सम्प्रदायका बिचमा सामाजिक सद्भाव र सम्मानको संस्कृति विकास गर्न सकेमा सामजिक विविधता भित्र एकता कायम राख्न सकिन्छ ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. फरक जातजाति, भाषा, धर्म, संस्कृतिलाई सम्मान गर्न सके राष्ट्रिय एकता कायम गर्न सकिन्छ । ☐

ख. नेपाल एक बहुभाषिक तथा बहुजातीय हिन्दु राष्ट्र हो । ☐

ग. नेपालको तराईमा थारु तथा यादव, पहाडमा बाहुन, क्षेत्री, गुरूङ मगर तथा हिमालमा शेर्पा तथा थकालीहरु बसोबास गर्छन् । ☐

घ. घोडेजात्रा, गाईजात्रा तथा अन्य जात्राहरु खासगरी पहाडी भेगमा बस्ने ब्राह्मण तथा क्षेत्रीहरुले मनाउने गर्छन् । ☐

ङ. नेपालको संविधानमा सामजिक विविधता भित्रको समावेशितालाई महत्त्व दिइएको छ । ☐

## पृष्ठपोषण

### अब तलका प्रश्नहरूको उत्तर दिनुहोस्

क. माथिको कवितामा नेपालका चार वर्णको उल्लेख गरिएको छ, ती चार वर्णहरू के के हुन् ?

उत्तर : ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र हुन् ।

ख. कवितामा कविले नेपालका विविध धर्मका बारेमा उल्लेख गरेका छन्, ती के के हुन् ?

उत्तर : हिन्दु, बौद्ध, इस्लाम, इसाई र जैन हुन् ।

ग. कविका अनुसार नेपालको तराई र पहाडका कुनै एक एक विशेषता के हुन् ?

उत्तर : तराईमा उब्जनी हुने र पहाडको नदीबाट बिजुली निस्कने ।

घ. यस कविताले दिन खोजेको मुख्य सन्देश के हो ?

उत्तर : नेपालमा धर्म, जातीयता तथा भौगोलिक विविधता भएपनि एकतामा बाँधिएर बसेको छ भन्ने सन्देश दिन्छ ।

### अब तलका प्रश्नहरूको उत्तर दिनुहोस्

१. हाम्रो समाजमा के कस्ता विविधताहरू रहेका छन् ?

उत्तर : हाम्रो समाजमा जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधता रहेको छ ।

२. हाम्रो समाजमा एकता कायम गर्न के कस्ता उपायहरू अपनाउन सकिन्छ ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

उत्तर : एकता कायम राख्न एक आपसमा मेलमिलाप हुनुपर्छ, विभेद हुनुहुँदैन, सबै मानिस बिच सहकार्य र सहयोगी भावना हुनुपर्छ ।

माथि हामीले नेपालका फरक फरक भूगोलका दश फरक जातजातिका मानिसहरुको संस्कृतिका बारेमा जान्ने मौका पायौँ । यी फरक जातजातीको अध्ययन गरिसकेपछि, हरेक जातीको खास दुई विशेषता (भाषा, चाड, खाना, वेशभूषा, चालचलन आदि)पहिचान गर्नुहोस् र तलको तालिकामा भर्नुहोस् । सजिलोका लागि एउटा उदाहरण दिइएको छ ।

| जातजाति | विशेषता |
|---|---|
| क्षेत्री | - अधिकांश प्रहरी र आर्मीमा आबद्ध<br>- दशैं तिहार तथा कुलपूजा गर्ने |
| गुरूङ | - बौद्ध धर्म मान्ने र मुख्य गरी तमु ल्होसार मनाउने<br>- रोधीघरमा तथा मारूनी नृत्य |
| तामाङ | - बुद्ध धर्म मान्ने र पछिल्लो दिनमा इसाई धर्म मान्ने पनि भएको<br>- भूमि र प्रकृति पूजा पनि गर्ने<br>- तन्त्र मन्त्रमा विश्वास गर्ने |
| शेर्पा | - बुद्ध धर्म मान्ने<br>- झाँगी र बख्खु लगाउने<br>- मुख्य रुपमा ल्होसार, दुम्जे र मणि रिम्दु चाड मनाउने |
| मगर | - बौद्ध धर्म मान्ने<br>- सोरठी तथा घाटु नाच देखाइन |
| थारु | - माघी र जितिया पर्व मनाउने<br>- महिलाहरुले लुँगी, चोली तथा घाँघर तथा पुरूषहरुले कछाड तथा धोती लगाउने<br>- लौरो नाच तथा धान नाच देखाउने |
| नेवार | -घोडेजात्रा, इन्द्रजात्रा, गाईजात्रा, तिज,बुद्धपूर्णिमा , ल्होसार, होली आदि पर्वहरु मनाउने<br>-खानेकुराको धेरै परिकार बनाउने र सामूहिक रुपमा चाडबाड मनाउने |
| यादव | -मुख्य गरी छठ र होली पर्व मनाउने  र हिन्दु धर्म मान्छौँ<br>-मैथली भाषा बोल्ने<br>-प्राय धोती लगाउने |

**तल बायाँ भागमा भएका उदाहरणहरू दायाँ भागका कुन विविधतासँग मिल्छ जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| क. धार्मिक विविधता | (ग) हिमाल, पहाड र तराई |
| ख. भाषिक विविधता | (ङ) चाडपर्व, वेशभूषा, रहनसहन |
| ग. भौगोलिक विविधता | (क) हिन्दु, बौद्ध, इसाई, इस्लाम |
| घ. जातीय विविधता | (ख) नेपाली, मैथली, भोजपुरी, नेवारी |
| ङ. सांस्कृतिक विविधता | (ग) क्षेत्री, राई, लिम्बु, मगर |

**तल दिइएको बाकसबाट जातिगत रूपमा खास विशेषता दिइएको छ, यी विशेषता कुन जातिसँग सम्बन्धित छ खाली ठाउँ भर्नुहोस् ।**

क. यादव : छठ

ख. क्षेत्री : कुलायन

ग. तामाङ : भूमिपूजा

घ. मगर : सोरठी

ङ. शेर्पा : दुम्जे

च. थारु : जितिया

छ. मुस्लिम : इद

ज. गुरूङ : रोधीघर

झ. नेवार : गाईजात्रा

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. फरक जातजाति, भाषा, धर्म, संस्कृतिलाई सम्मान गर्न सके राष्ट्रिय एकता कायम गर्न सकिन्छ । ✓

ख. नेपाल एक बहुभाषिक तथा बहुजातीय हिन्दु राष्ट्र हो । ✗

ग. नेपालको तराईमा थारु तथा यादव, पहाडमा बाहुन, क्षेत्री, गुरूङ मगर तथा हिमालमा शेर्पा तथा थकालीहरु बसोबास गर्छन् । ✓

घ. घोडेजात्रा, गाईजात्रा तथा अन्य जात्राहरु खासगरी पहाडी भेगमा बस्ने ब्राह्मण तथा क्षेत्रीहरुले मनाउने गर्छन् । ✗

ङ. नेपालको संविधानमा सामजिक विविधता भित्रको समावेशितालाई महत्त्व दिइएको छ । ✓

# पाठ ३ लैङ्गिकता तथा अपाङ्गताका सवालहरू

के तपाइँले हिँजडा, किन्नर किन्नरी जस्ता शब्दहरु सुन्नु भएको छ ? के तपाइँले महिलाले महिलालाई मन पराएको, पुरूषले पुरूषलाई मन पराएको बारेमा सुन्नु भएको छ वा सामाजिक सञ्जालमा महिला-महिला बिचमा र पुरूष पुरूषका बिचमा बिहे भएको देख्नु भएको छ ? के तपाइँले हेर्दा महिला तर पुरूषको जस्तो आचरण तथा हेर्दा पुरूष तर महिलाको जस्तो आचरण भएको मानिस देख्नुभएको पक्कै होला वा सुन्नु भएको होला ? त्यस्तै महिला वा पुरूषभन्दा अलि फरक शारीरिक बनोट भएको मानिसहरु देख्नुभएको होला ? तपाइँले पक्कै पनि समाजमा दृष्टिविहिन, कान नसुन्ने, हिँड्न नसक्ने, बोल्न नसक्ने, उमेरअनुसार शरीर विकास नभएका जस्ता समस्या भएका व्यक्तिहरु देख्नुभएको छ वा सुन्नुभएको छ । यस पाठमा हामी यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएकाहरुको विविध पक्षहरुका बारेमा यी वर्गहरुको अधिकार संरक्षणमा भइरहेका प्रयासहरु बारे छलफल गर्ने छौँ ।

**सर्व प्रथम तलको कथा पढौँ र बुझौँ**



भर्खरै व्यवस्थापन विषयमा स्नातक सकेर कामको खोजीमा रहेकी कृष्णाले जागिरका लागि पत्रिकामा विज्ञापन देखिन् । उक्त जागिरका लागि फारम भर्न कृष्णा आफ्ना सबै कागजातहरु लिएर सम्बन्धित संस्थाको कार्यलय पुगिन् । उनले रिसेप्सनबाट फारम लिएर फारम भर्दै थिइन, अचानक उनको आँखा फारमको दायाँ भागमा लेखिएको लिङ्ग भएको ठाउँमा रोकियो । त्यहाँ लिङ्गको जानकारी भर्नुपर्ने ठाउँमा केवल महिला र पुरूषको मात्रै विकल्प दिइएको थियो । त्यसपछि उनले रिसेप्सनमा बस्ने महिलालाई यस सम्बन्धी जानकारी गराइन् । उक्त महिलाले आफ्नो अफिसको फारममा पहिले देखि नै महिला पुरूष भएकाले यसमा अरू थप्न नमिल्ने जानकारी गराइन् । कृष्णाले त्यस संस्थाका प्रमुखसँग भेटाइदिन आग्रह गरिन् । सुरूमा रिसेप्सनमा बस्ने महिलाले भेट गराउन चाहिनन्, तर कृष्णाले नभेटी नजाने अडान लिएपछि संस्थाका प्रमुखसँग भेट गराउन बाध्य भइन् ।

त्यसपछि कृष्णाले त्यस सँस्थाको प्रमुखलाई भेटेर फारममा महिला पुरूषको मात्र विकल्प भएको तर अन्य समूहका लागि विकल्प नभएको कुरा जानकारी गराइन् । संस्थाका प्रमुखले कृष्णालाई अन्य समूह किन राख्नु पर्‍यो महिला र पुरूष भए त भइहाल्छ नि भने । कृष्णाले आफू लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक भएको र आफ्नो परिचय लुकाउन नचाहने कुरा बताइन् । उनले फारममा लिङ्गको विकल्प भएको ठाउँमा अन्य भन्ने विकल्प पनि हुनुपर्ने भन्ने कुरा राखिन् । उनले आफूले परिचय लुकाएर जागिर नखाने र आफू जस्तै अन्य लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरुको सवाल भएकाले अनिवार्य रुपमा अन्य भन्ने विकल्प हुनुपर्छ भनिन् । उनले संविधानले नै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई छुट्टै समूहमा राखेको र हरेक सरकारी कामकाजमा यसरी अन्य समूह भनेर छुट्टाइने हुँदा सोहीअनुरुप गरिनुपर्ने कुरा प्रस्टसँग राखिन् । कृष्णाले आफ्नो कुरा प्रस्टसँग राखीसकेपछि सँस्थाका प्रमुखले आफूले यस कुरालाई त्यति ध्यान नदिएकामा माफी मागे र फारममा लिङ्गको विकल्प लेखिएको ठाउँमा तुरून्त अन्य समूह थप गर्न आफ्नो कर्मचारीलाई निर्देशन दिए ।

केही समयपछि कर्मचारी नयाँ फारम ल्याएर कृष्णालाई दिए र कृष्णाले उक्त फारम भरी बुझाइन् र अन्य कागजातहरु पनि संलग्न गरिन् । १५ दिनपछि कृष्णालाई अन्तर्वार्ताका निमित्त फोन आयो र उनले अन्तर्वार्तामा पनि प्रस्टसँग आफू यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूहलाई प्रतिनिधित्व गर्ने कुरा राखिन् । आफू जुन समूहको भए पनि आफूले पाएको जिम्मेबारी इमान्दार भएर पूरा गर्ने र आफूले कहिले पनि अरुभन्दा कमजोर महसुस नगर्ने कुरा राखिन् । उनको इमान्दारि र आत्मबल देखेर संस्थाले उनलाई छनोट गर्‍यो । कर्मचारीका रुपमा छनोट भइसकेपछि उनी अन्य साथीहरुसँग घुलमिल हुँदै आफ्नो कार्यलाई अगाडि बढाइरहेकी छन्, उनले आफ्नो कार्यालयमा काम गर्न कुनै कठिनाइ भोग्नुपरेको छैन ।

अब तलका प्रश्नको उत्तर दिनुहोस्

क. कृष्णाले फारम भर्ने बेलामा पहिचान गरेको मुख्य समस्या के हो ?

उत्तर : ...........................................................................................................

...........................................................................................................

ख. कृष्णाले किन कार्यलय प्रमुखलाई जसरी पनि भेट्छु भनेर हठ गरिन ?

उत्तर : ...........................................................................................................

...........................................................................................................

ग. कृष्णाको फारममा अन्य समूह लेख्नु पर्ने अडानलाई तपाइँ कसरी लिनुहुन्छ ?

उत्तर : ..................................................................................................................................

..................................................................................................................................

घ. तपाइँको विचारमा फारममा अन्य समूह लेख्नु आवश्यक छ कि छैन ? किन ?

उत्तर : ..................................................................................................................................

..................................................................................................................................



## अनुभवमा आधारित क्रियाकलाप

तपाइँले आफ्नो जीवनमा पनि महिला तथा पुरूषभन्दा फरक समूहका मानिसहरुलाई भेट्नुभएको, सङ्गत गर्नुभएको, देख्नुभएको वा सुन्नुभएको त अवश्य होला । ती व्यक्तिहरुसँगको अन्तर्क्रिया वा उनीहरुका बारेमा सुनेका आधारमा उनीहरुले दैनिक जीवनमा के कस्ता समस्यासँग जुध्नुपरेको छ ? ती समस्याहरुलाई बुदाँगत रुपमा प्रस्तुत गर्नुहोस ।

१. ..................................................................................................................................

..................................................................................................................................

२. ..................................................................................................................................

..................................................................................................................................

३. ..................................................................................................................................

..................................................................................................................................

४...................................................................................................................................

..................................................................................................................................

५. ..................................................................................................................................

..................................................................................................................................

**हाम्रो समाजमा कृष्णा जस्तै धेरै व्यक्तिहरू छन् जसको पहिचान महिला र पुरुषभन्दा फरक छ । यस्ता समूहका मानिसहरूलाई हामी यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूह भन्दछौं । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक बारे थप जान्नका लागि रेडियो कार्यक्रम लैङ्गिकताका सवाल पढौं र मनन गरौं ।**



**प्रस्तोता :** नमस्कार आज हामीसँग प्रिती गुरूङ हुनुहुन्छ उहाँ लामो समय देखि यौनिक तथा लैङ्गिक अल्पसंख्यकको क्षेत्रमा काम गर्दै आउनुभएको छ । सर्वप्रथम हामीलाई समलिङ्गी तथा तेस्रोलिङ्गीको शब्दसँग परिचित गराइदिनुहोस् ।

**प्रिती गुरुङ :** कार्यक्रममा बोलाउनुभएकामा धेरै धेरै धन्यवाद । नेपालमा स्थानीय चाडपर्व तथा मारूनी, गाईजात्रा, रोपाइजात्राहरुमा तेस्रोलिङ्गी वा पुरूषले महिला भएर भाग लिने चलन परापूर्व कालदेखि नै चलिआएको देखिन्छ । त्यसैगरी तराईमा नटुवा तथा किन्नर किन्नरी भनिने, मधेसका हिँजडाहरु भनिनेहरु विवाहमा गएर नाच्ने चलन छ भने कतिपय सामुदायमा नयाँ बच्चा जन्मिएपछि यस समूहसँग आशीर्वाद लिने चलन रहिआएको छ । पहाड तिर रत्यौलीमा केही महिला पुरूष भेषमा प्रस्तुत हुने चलन पनि रहिआएको छ । यसले के देखाउँछ भने नेपालमा समलिङ्गी, तेस्रोलिङ्गी समुदायको अस्तित्व समाजले पहिलदेखि नै स्वीकार गेरको छ ।

**प्रस्तोता :** अनि हाम्रो धर्मले पनि केही भनेको छ कि ?

**प्रिती गुरुङ :** गुह्येश्वरी मन्दिरको मूल ढोकामा तेस्रोलिङ्गीको चित्र अङ्कित छ । पाटन, काठमाडौं, भक्तपुर लगायत अधिकांश पुराना मन्दिरका टुँडालमा विपरीत लिङ्गीसँगै समलिङ्गी यौन आकृति थुप्रै कुँदिएका छन् । ऋगवेदमा इन्द्र सधैँ अग्नि वा सोमाका साथ देखा पर्छन्, तीनै जना पुरूष हुन् । मित्र (सूर्यदेवको अर्को नाम) जहिल्यै पनि वरूणसँगै देखा पर्छन् (दुवै पुरूष हुन्) । मन्दिर, पूजा र चाडपर्वमा पनि कहिलेकाहीँ देवीको जोडी देख्न सकिन्छ । यसले प्राचीनकालमा महिला पुरूषभन्दा बाहेकको सम्बन्ध तथा सबैखाले काम-वासना स्विकारिएको थियो भन्ने कुरा देखाउँछ ।

**प्रस्तोता :** त्यसो भए अब हामी उनीहरुको हक अधिकारको लागि के गर्न सक्छौँ त ?

**प्रिती गुरुङ :** समाजका हरेक क्षेत्रमा यो वर्गका लागि ठाउँ हुनुपर्छ । त्यो ठाउँ विभेद र अन्यायमा आधारित होइन, समावेशी र न्यायमा आधारित हुनुपर्छ । उनीहरुको हक अधिकारको प्रत्याभूति गर्नु सामाजिक दायित्व भएकाले सबैले उनीहरुलाई सम्मान पूर्वक व्यवहार गर्नुपर्छ ।

**प्रस्तोता :** धेरै धेरै धन्यवाद प्रितीजी, आजका लागि समय सकियो हामी फेरि अर्को एपिसोडमा थप कुरा गर्ने छौँ ।

**माथिको कार्यक्रमबारे पढिसकेपछि तलको खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।**

क. नेपालका स्थानीय जात्राहरुमा ......................बनेर सहभागी हुने प्रचलन रही आएको छ ।

ख. तराइका कतिपय क्षेत्रमा ..........................लाई बिहे तथा बच्चा जन्मिँदा शुभ कार्यका निम्ति बोलाउने गरिन्छ ।

ग. पशुपति नजिकै............................. मन्दिरको मूल ढोकामा तेस्रोलिङ्गीको चित्र अङ्कित छ ।

घ. ऋग्वेदमा इन्द्र अरु दुई पुरूषहरु ................वा ................साथ देखा पर्छन् भनिएको छ ।

ङ. तेस्रोलिङ्गी तथा समलिङ्गीलाई समाजमा ........................होइन समावेशी गर्नुपर्छ ।

**अब तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. महिला महिलाप्रति आकर्षित हुने र पुरुष पुरुषप्रति आकर्षित हुने समूहलाई के भनिन्छ ?

उत्तर : ........................................................................................................................

........................................................................................................................

ख. शारीरिक रूपमा पुरुष भए पनि भावानात्मक र मानसिक रूपमा महिला अनुभूति गर्ने समूहलाई के भनिन्छ ?

उत्तर : ........................................................................................................................

........................................................................................................................

ग. नेपालको तराई क्षेत्रमा बिहे तथा जन्म समारोहमा तेस्रोलिङ्गीलाई किन बोलाउने गरिएको होला ?

उत्तर : ........................................................................................................................

........................................................................................................................

घ. नेपालमा गाईजात्रामा पुरुष महिला बनेर नाच्ने तथा रत्यौलीमा महिला पुरुष बनेर नाच्ने प्रचलनलाई सामान्य रूपमा लिइन्छ तर वास्तविक तेस्रोलिङ्गीहरूलाई समाजमा विभेद गरेको पाइन्छ । के यस्तो विभेद गर्नु ठिक हो ? तपाईंको विचारमा तेस्रोलिङ्गीप्रति कस्तो व्यवहार गर्नुपर्छहोला ?

उत्तर : ...........................................................................................................................

...........................................................................................................................

ङ. नेपालको प्राचीनकालमा सबैखाले लैङ्गिकता र काम-वासना स्विकारिएको थियो भन्ने कुनै दुईओटा आधारहरू दिनुहोस् ।

उत्तर : १. ...........................................................................................................................

२. ...........................................................................................................................

## के तपाईंलाई थाहा छ

हाम्रो संविधान, २०७२ को धारा १२, १८ र ४२ ले यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार सुरक्षित गरेको छ । समानता र पहिचान हकको ग्यारेन्टी गरेको छ । नेपालको संविधानको धारा १२मा वंशीय आधार तथा लैंगिक पहिचान सहितको नागरिकता दिने प्रावधान छ । त्यस्तै धारा १८ ले समानताको हक प्रदान गरेको छ । कानुनको दृष्टिमा सबै नागरिक समान हुने यो धाराले व्याख्या गरेको छ भने धारा ४२ ले सामाजिक न्यायको हकको व्यवस्था गरेको छ । जसमा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका नागरिकहरुलाई समेत समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।

समलिङ्गी विवाहलाई कानुनन् अनुमति दिने पहिलो देश नेदरल्यान्ड्स हो जसले सन् २००१ देखि यो नियम ल्याएको थियो। आजसम्म करिब ३० देशले समलिङ्गी विवाहलाई कानुनन् मान्यता दिएका छन्। नेपालको सर्वोच्च अदालतले २०६४ सालको फैसलामै सरकारलाई कमिटी बनाएर अध्ययन गरी समलिङ्गी विवाहकोकानुन बनाउनु भनेको थियो तर हाल सम्म कुनै सुनुवाई हुन सकेको छैन ।

माथिका विषयवस्तुहरु लैङ्गिक विभेद तथा समावेशितासँग सम्बन्धित थिए । समावेशिताको सवालमा अर्को छुटाउन नमिल्ने क्षेत्र भनेको अपाङ्गता हो । पाठको यस भागमा हामी अपाङ्गता समावेशितासम्बन्धी जानकारी हासिल गर्नेछौं ।

**अब तल अपाङ्गता भएका मानिसहरूको केही सफलताको कथा पढौँ र बुझौँ ।**

## दृष्टिविहिन क्रिकेट खेलाडीको आत्मकथा

राष्ट्रसेवा गर्ने क्रममा एम्बुसमा परेर दुबै आँखा गुमेपछि केही समय निराश भएँ तर पछि मैले मेरो परिवार र यो देशका लागि बाच्नुपर्छ र केही गर्नु पर्छ भन्ने हिम्मत आयो । मैले धेरै पहिलेदेखि नै विदेशमा दृष्टिविहिनहरुले पनि क्रिकेट खेल्छन् भनेर सुनेको थिएँ तर नेपालमा देखेको थिइनँ । आफू नै दृष्टिविहिन भइसकेपछि म मा दृष्टिविहिनले खेल्ने क्रिकेट सिक्ने हुटहुटी पलाएर आयो । त्यसपछि मैले पाकिस्तानमा दृष्टिविहिन क्रिकेटका तालिम लिने अवसर प्राप्त गरेँ । तालिम लिइसकेपछि नेपालका दृष्टिविहिनहरुले पनि क्रिकेट खेल्न सक्छन् भन्ने लाग्यो र मैले विभिन्न क्लबहरु गठन गरेर राष्ट्रिय प्रतियोगिता गराएँ । हामीले पहिलो पटक दृष्टिविहिन विश्वकप क्रिकेट प्रतियोगितमामा नेपाललाई सहभागी गरायौँ । मैले विश्वकप क्रिकेटको रेफ्रीका रुपमा पनि काम गरेँ । त्यसैले म भन्छु कि अपाङ्गता भन्ने चिज जिन्दगीमा एउटा कमा मात्र हो पूर्णविराम होइन । जब कसैले तँ केही गर्न सक्छस् भन्ने अनुभुति गराइदिन्छ त्यसपछि जस्तोसुकै अपाङ्ग भएको व्यक्तिले पनि केही गर्न सक्छ । त्यसैले म भन्छु अपाङ्गता भएका व्यक्तिहरुलाई हौसला दिनुहोस् र उनीहरुको क्षमता चिनाइदिनुहोस् । त्यसको उपयोग गरेर उनीहरु पनि सामान्य मानिस झैं आर्थिक, सामाजिक रुपमा राम्रो जीवन जीउन सक्छन् ।

## एउटा खुट्टाले नृत्य गर्ने : रोमा न्यौपाने

गोडा गुमेको वर्ष रोमाको पढाइ रोकियो । छ महिना त अस्पतालमै । वैसाखी टेक्न सिक्नै समय लाग्यो । आर्थिक स्थिति कमजोर थियो । सबै काममा जान्थे, उनको कामचाहिँ घर कुर्ने । कि क्यासेटमा गीत सुन्ने कि टिभी हेर्ने । तेस्रो विकल्प थिएन । गीत सुने पनि टिभी हेरे पनि नाच्थिन् तर ढोका थुनेर । जसोतसो एसएलसी पास गरिन् । त्यसपछि उनलाई इटहरीमा बस्न पटक्कै मन लागेन । साहस यति बलियो कि एक्लै काठमाडौँ आइन् । एकपटक पिकनिक जाँदा नाच्ने मौका पाइन् । एउटा गोडाले मस्त नाचेको फोटो पारा ओलम्पिक कमिटीको सदस्यको हातमा पुग्यो । त्यसको केही समयपछि कमिटीले प्रज्ञा भवनमा गरेको कार्यक्रममा रोमाले एउटा गीतमा नृत्य गरिन् । यो उनको पहिलो स्टेज डान्स थियो र सबैले उनको नृत्यको तारिफ गरे । कार्यक्रम सकिएपछि उनलाई भेट्नेको लर्को लाग्यो । केही समयपछि चलचित्र विकास बोर्डको एक कार्यक्रममा रोमाले नृत्य गर्ने मौका पाइन् । त्यही कार्यक्रममा अतिथि थिए नेपालका लागि इजरायलका तत्कालीन राजदूत डन विन एलिजर । उनी यति प्रभावित भए कि एक महिने इजरायल भ्रमणको निम्तो दिए । यो उनको पहिलो विदेश यात्रा थियो । त्यहाँ उनले नेपाली मात्र होइन, विदेशीमाझ पनि आफ्नो नृत्यकला पस्किइन् । पत्यार नलाग्ला, नृत्य पस्कनकै लागि देशका ४० भन्दा बढी जिल्लाका गाँउगाँउ मात्र होइन, १७ ओटा देश पुगिसकेकी छन् । त्यसो त स्टेज नृत्य मात्र होइन, मैदान फिल्ममा राजेश हमालकी बहिनीका रुपमा अभिनय गरेकी छिन् भने केही सिरियल र एक दर्जन भन्दा बढी म्युजिक भिडियोमा काम गरेकी छन् । उनी प्रत्येक साताजसो स्कुल र कलेज पुगेर मोटिभेसनल स्पिच दिन्छिन् । उनको चाहना अझ दुर्गममा पुगेर नृत्य गर्नु हो, उनी भन्छिन, “गाँउमा अपाङ्ग सन्तानलाई बाबुआमाले समेत हेयको दृष्टिकोणले हेर्छन् । म त्यहाँ पुगे भने त्यो व्यवहार बदल्न सक्छु जस्तो लाग्छ ।” **(साभारः नेपाल पाक्षिक, प्रकाशित २०१७ जून २७ )**

## ह्वीलचेयरबाटै भिडियो निर्देशन

गिटारिस्ट भए पनि प्रबिनको सपना थियो, कि सैनिक कि चाटर्ड एकाउन्टेन्ट बन्ने । काठमाडौँमै जन्मेहुर्केका उनी पढाइमा अब्बल थिए तर मेरूदण्ड भाँचिएपछि दुबै सपना चकनाचुर भयो । १९ दिन महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पताल र डेढ महिना वीर अस्पतालमा बिताए । अस्पतालबाट घर फर्कंदा चिकित्सकले हिँड्न सक्ने सम्भावना औँल्याएका थिए । त्यसैले प्रबिनले हरेस खाएनन् । नियमित फिजियोथेरापी गर्थे । डेढ वर्ष बित्यो तर केही उपलब्धि भएन । बिस्तारै साथीभाइ घर आउन पातलियो । परिवारका सदस्य पनि आ-आफ्नै काममा व्यस्त हुन थाले । “अनि मलाई एकदमै निराशा र एक्लोपनले सताउन थाल्यो,” ती कठोर दिन स्मरण गर्छन्, “जोसँग पनि झगडा गर्न थालेँ । सामान तोडफोड गर्न थालेँ । रक्सी र चुरोटको कुलतमा फसेँ । जिन्दगीदेखि धिक्कार लाग्थ्यो ।”

यसरी सात वर्ष गुज्रिसकेको थियो । एकदिन इमेज च्यानलमा कार्यरत सुरज श्रेष्ठ उनलाई भेट्न घर पुगे । सुरजको यही आगमनसँगै उनको जीवनमा सुनौला दिन फर्किए । भिडियो सम्पादन सिक्न सल्लाह दिए । कम्प्युटरमा बसेर काम गर्ने भएकाले प्रबिनका लागि यो काम सम्भव र अनुकूल थियो । भोलिपल्टैबाट एक जना प्रशिक्षक घरमै आएर सिकाउन थाले । प्रबिन मुस्कुराए, “अरु केही काम थिएन, सम्पादन सिक्न थालेपछि मलाई संसार पाएजस्तो भयो । दिनकै १६-१७ घन्टा कम्प्युटरमा रमाउन थालेँ ।”किशोरावस्था देखि नै सिर्जनात्मक कार्यमा तल्लीन उनले सम्पादनमा छोटै समयमा ठुलो उपलब्धि हासिल गरे । योगेश्वर अमात्यको छैन तिम्रो भेट...बाट सुरू भएको म्युजिक भिडियो सम्पादन यात्राले रफ्तार लियो । त्यसपछि व्यस्त पनि, पैसा पनि । बोझिलो लागेको आफ्नै जीवनदेखि माया लाग्न थाल्यो । सम्पादनमा कति सफल भए आजभन्दा छ वर्षअघि नै उनी महिनाको डेढ लाख रूपियाँसम्म कमाउँथे । त्यसमाथि भिडियो आफैँ निर्देशन गर्न थाले, ह्वीलचेयरबाटै एक्सन-कट भन्दै । तीन दर्जन भिडियो निर्देशनपछि फिल्म निर्देशन गरे, मोक्ष । डाँडाकाँडा जहाँतहीँ क्यामेरा लिएर पुग्थे । उनकै जीवनीमा आधारित यस फिल्मले सकारात्मक समीक्षात्मक प्रतिक्रिया बटुल्यो । समय कस्तो आएको छ भने हिजो सुको कमाइ नगर्ने उनी आजकल अरुलाई रोजगारी दिन सक्ने हैसियतमा पुगेका छन् । एउटा भिडियो बनाउँदा घटीमा एक दर्जनले काम पाउँछन् भने फिल्मबाट त दर्जनौँले । यही बिचमा उनले विवाह गरे । बाबु पनि बने । कहीँ कतै ग्लानि र पीडा छैन । भन्छन्, “हिम्मत हार्नु भएन, दुर्घटनालाई नयाँ जन्म सम्झेर अघि बढ्नुपर्छ । जीवन कहिल्यै नीरास हुन्न ।” **(साभारः नेपाल पाक्षिक, प्रकाशित २०१७ जून २७)**

**माथिका सफलताका कथा पढिसकेपछि हरेक पात्रले भोगेको शारीरिक कठिनाइ, सफलताको उदाहरण तथा उनीहरूले अरूलाई दिन खोजेको सन्देश उल्लेख गर्नुहोस् ।**

| क्रिकेट खेलाडी |
| --- |
| शारीरिक कठिनाइ : |
| सफलताको उदाहरण : |
| अरुलाई दिन खोजेको सन्देश : |

| रोम न्यौपाने |
| --- |
| शारीरिक कठिनाइ : |
| सफलताको उदाहरण : |
| अरुलाई दिन खोजेको सन्देश : |

| प्रबिन |
| --- |
| शारीरिक कठिनाइ : |
| सफलताको उदाहरण : |
| अरुलाई दिन खोजेको सन्देश : |

**तपाईंले चिन्नुभएको, सुन्नुभएको या देख्नुभएको कुनै एक जना अपाङ्गता भएको व्यक्तिलाई सम्झिनुहोस् र उहाँले भोगेका २/३ ओटा समस्याहरू बुँदागत रूपमा लेख्नुहोस् ।**

१. ........................................................................................................................

........................................................................................................................

........................................................................................................................

२. ........................................................................................................................

........................................................................................................................

........................................................................................................................

३. ........................................................................................................................

........................................................................................................................

........................................................................................................................

**तल केही अपाङ्गता भएका व्यक्तिहरूले समाजमा भोगिरहेका समस्याहरू दिइएका छन् र केही समाधानका उपायहरू पनि दिएइको छ। बायाँतर्फ दिएको कुन समस्याको निराकरणको उपाय दायाँतर्फको विकल्पसँग मिल्छ लेख्नुहोस्।**

| समस्याहरू | | निराकरणका उपाय |
|---|---|---|
| क. सेवा प्राप्त गर्न कठिन | | रोजगारीमा आरक्षणको व्यवस्था गर्ने |
| ख. शिक्षाको पहुँचमा कठिनाइ | | अपाङ्गता मैत्री कार्यलयहरु बनाउने |
| ग. प्रविधिको पहुँच नहुनु | | अपाङ्गता शिक्षा सम्बन्धी जनचेतना जगाउने |
| घ. रोजगार उपलब्ध नहुनु | | अपाङ्गमैत्री प्रविधिसँग जानकार हुने |
| ङ. सामाजिक भेदभाव | | छात्रवृत्तिको व्यवस्था गर्ने |

## के तपाईंलाई थाहा छ

» अपाङ्गता भएका व्यक्तिहरुको लागि नेपाल सरकारले समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम, आर्थिक, सामाजिक तथा राजनीतिक समावेशीकरण, सकारात्मक विभेद तथा निजामती सेवामा आरक्षण, व्यावसायिक तथा सीपमूलक तालिमलगायतका कार्यक्रमहरु सञ्चालन गरेको छ।

» नेपालको संबिधानको धारा १८ को समानताको हक अन्तर्गत सामान्य कानुनको प्रयोगमा अपाङ्गताको आधारमा भेदभाव गरिने छैन।

» नेपालको जनसंख्या २०६८ अनुसार कुल जनसंख्याको १.९४ प्रतिशत अर्थात २ प्रतिशत व्यक्ति अपाङ्गता भएको पाइन्छ। नेपालमा महिला पुरूष गरी ५ लाख १३ हजार ३ सय २१ जना विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिको जनसंख्या छ।

» सरकारले अहिलेसम्म शारीरिक, दृष्टिसम्बन्धी, सुनाइ, स्वर बोलाइसम्बन्धी, बौद्धिक, मानसिक र बहु-अपाङ्गता गरी ७ वर्गमा अपाङ्गता भएका व्यक्तिलाई वर्गीकरण गरिएको छ।

» यदि विभेद गरिन्छ भने त्यसका विरूद्ध अदालत वा प्रहरीमा विभेदमा पर्ने व्यक्तिले न्यायका लागि विभेद गर्ने विरूद्ध उजुरी गर्न सक्छन्।

» धारा ३१ को उपधारा ४ मा भएको ब्यबस्था अनुसार दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

» नेपालको संबिधानमा अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ भनी लेखिएको छ।

» नेपालको प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवैमा अपाङ्गताको प्रतिनिधित्व रहेको छ।

## यस पाठमा सम्झनुपर्ने मुख्य बुँदाहरू

» महिला तथा पुरूषभन्दा फरक पहिचान भएका समूहलाई यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूह भनिन्छ ।

» हिन्दु धर्म तथा संस्कृतिले परम्परादेखि नै समलिङ्गी तथा तेस्रोलिङ्गी परिकल्पना गरेको छ ।

» नेपालको संविधानले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार सुरक्षित गरेको छ ।

» अपाङ्गता भएकाहरुको सवालमा यसका जटिलताका आधारमा सरकारले सामाजिक सुरक्षा तथा निःशुल्क स्वास्थ्य उपचार जस्ता सेवाहरु प्रदान गर्दै आएको छ

» नेपालको प्रदेश सभा, प्रतिनिधि सभा तथा राष्ट्रिय सभामा अपाङ्गताको प्रतिनिधित्व रहेको छ ।

» संविधानले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिन्ह दिनुहोस् ।**

क. नेपालको धार्मिक ग्रन्थ तथा मठ मन्दिरहरुमा पहिले देखि नै समलिङ्गी तथा तेस्रोलिङ्गीको उदाहरण पाउन सकिन्छ । ☐

ख. नेपालको संविधानमा घोषणा भएबमोजिम यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूहले प्रयाप्त मात्र सेवा सुविधाहरु प्राप्त गरेका छन् । ☐

ग. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गताहरुलाई गरिने विभेदमा प्रहरी वा अदालतमा उजुरी दिन सकिन्छ । ☐

घ. अपाङ्गताको जटिलताको आधारमा सरकारले सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गर्छ । ☐

ङ. नेपालको राजनीतिक नेतृत्वमा अपाङ्गता भएकाहरुलाई उचित स्थान दिइएको छ । ☐

## पृष्ठपोषण

### अब तलका प्रश्नको उत्तर दिनुहोस्

क. कृष्णाले फारम भर्ने बेलामा पहिचान गरेको मुख्य समस्या के हो ?

उत्तर : उनले फारम भर्ने बेलामा पहिचान गरेको मुख्य समस्या भनेको लिङ्ग लेख्ने विकल्पमा महिला र पुरूषको मात्र विकल्प दिएको हो जसमा अरु विकल्प दिइएको थिएन ।

ख. कृष्णाले किन कार्यलय प्रमुखलाई जसरी पनि भेट्छु भनेर हठ गरिन् ?

उत्तर : किनकि उनले फारममा जसरी पनि महिला र पुरूषबाहेकको विकल्प राख्न चाहन्थिन् र यो कुरा जसरी पनि कार्यलय प्रमुखसँग राखेर परिवर्तन गराउन चाहन्थिन् ।

ग. कृष्णाको फारममा अन्य समूह लेख्नुपर्ने अडानलाई तपाईँ कसरी लिनुहुन्छ ?

उत्तर : उनको अडान एकदम ठिक छ ।

घ. तपाईंको विचारमा फारममा अन्य समूह लेख्नु आवश्यक छ कि छैन ? किन ?

उत्तर : मेरो विचारमा अन्य समूह लेख्नु आवश्यक छ किनकि हाम्रो समाजमा महिला र पुरूषबाहेक अन्य समूहको व्यक्तिहरु पनि छन् र उनीहरुको पहिचान हुनु आवश्यक छ ।

### माथिको कार्यक्रमबारे पढी सकेपछि तलको खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

क. नेपालका स्थानीय जात्राहरुमा मारूनी बनेर सहभागी हुने प्रचलन रही आएको छ ।

ख. तराईका कतिपय क्षेत्रमा हिँजडाहरुलाई बिहे तथा बच्चा जन्मिँदा शुभ कार्यका निम्ति बोलाउने गरिन्छ ।

ग. पशुपति नजिकै गुह्येश्वरी मन्दिरको मूल ढोकामा तेस्रोलिङ्गीको चित्र अङ्कित छ।

घ. ऋग्वेदमा इन्द्र अरु दुई पुरूषहरु अग्नि वा सोमका साथ देखा पर्छन् भनिएको छ ।

ङ. तेस्रोलिङ्गी तथा समलिङ्गीलाई समाजमा तिरस्कार होइन समावेशी गर्नुपर्छ ।

### अब तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।

क. महिला महिलाप्रति आकर्षित हुने र पुरुष पुरुषप्रति आकर्षित हुने समूहलाई के भनिन्छ?

उत्तर : समलिङ्गी

ख. शारीरिक रूपमा पुरुष भए पनि भावानात्मक र मानसिक रूपमा महिला अनुभूति गर्ने समूहलाई के भनिन्छ ?

उत्तर : तेस्रोलिङ्गी

ग. नेपालको तराई क्षेत्रमा विवाह तथा जन्म समारोहमा तेस्रोलिङ्गीलाई किन बोलाउने गरिएको होला ?

उत्तर : उनीहरुको उपस्थितिले विवाह तथा जन्ममा शुभ हुन्छ भन्ने विश्वासले होला ।

घ. नेपालमा गाईजात्रामा पुरुष महिला बनेर नाच्ने तथा रत्यौलीमा महिला पुरुष बनेर नाच्ने प्रचलनलाई सामान्य रूपमा लिइन्छ तर वास्तविक तेस्रोलिङ्गीहरूलाई समाजमा विभेद गरेको पाइन्छ । के यस्तो विभेद गर्नु ठिक हो ? तपाईंको विचारमा तेस्रोलिङ्गीप्रति कस्तो व्यवहार गर्नुपर्छ होला ?

उत्तर : यस्तो विभेद गर्नु ठिक होइन, मेरो विचारमा उनीहरुलाई पनि सामान्य मानिस जस्तै व्यवहार गर्नुपर्छ ।

ङ. नेपालको प्राचीनकालमा सबैखाले लैङ्गिकता र काम-वासना स्विकारिएको थियो भन्ने कुनै दुईओटा आधारहरू दिनुहोस् ।

उत्तर: १. गुह्येश्वरी मन्दिरको मूल ढोकामा तेस्रोलिङ्गीको चित्र अङ्कित छ ।

२. पाटन, काठमाडौँ, भक्तपुर लगायत अधिकांश पुराना मन्दिरका टुँडालमा विपरीत लिङ्गीसँगै समलिङ्गी यौन आकृति थुप्रै कुँदिएका छन् ।

**माथिका सफलताका कथा पढिसकेपछि हरेक पात्रले भोगेको शारीरिक कठिनाइ, सफलताको उदाहरण तथा उनीहरूले अरूलाई दिन खोजेको सन्देश उल्लेख गर्नुहोस् ।**

| **क्रिकेट खेलाडी** |
|---|
| शारीरिक कठिनाइ : आँखा नदेख्ने, |
| सफलताको उदाहरण : दृष्टिविहिन विश्वकप क्रिकेट प्रतियोगितमामा नेपाललाई सहभागी गराएको, आफैँ विश्वकपमा रेफ्री भएको, |
| अरुलाई दिन खोजेको सन्देश : अपाङ्गता हुनु पूर्णविराम होइन एउटा कमा मात्र हो, |

| **रोम न्यौपाने** |
|---|
| शारीरिक कठिनाइ : एउटा खुट्टा नभएको, |
| सफलताको उदाहरण : एउटा खुट्टाले नृत्य गरेर देश विदेशमा ख्याति, |
| अरुलाई दिन खोजेको सन्देश : इच्छाशक्ति भएमा एक खुट्टाले पनि धेरै काम गर्न सकिने, |

| प्रबिन |
| --- |
| शारीरिक कठिनाइ : मेरूदण्डको समस्याले हिँडडुलमा समस्या, |
| सफलताको उदाहरण : भिडियो सम्पादन तथा भिडियो निर्देशनमा अब्बल हुँदै गएका, |
| अरुलाई दिन खोजेको सन्देश : जस्तो अवस्थामा हिम्मत हार्नु भएन, दुर्घटनालाई नयाँ जन्म सम्झेर अघि बढ्नुपर्छ, |

**अरुलाई दिन खोजेको संदेश : तल केही अपाङ्गताहरूले समाजमा भोगिरहेका समस्याहरू दिइएका छन् र केही समाधानका उपायहरू पनि दिएइको छ। बायाँतर्फ दिएको कुन समस्याको निराकरणको उपाय दायाँतर्फको विकल्पसँग मिल्छ लेख्नुहोस्।**

| **समस्याहरू** | **निराकरणका उपाय** |
| --- | --- |
| क. सेवा प्राप्त गर्न कठिन | (घ) रोजगारीमा आरक्षणको व्यवस्था गर्ने |
| ख. शिक्षाको पहुँचमा कठिनाइ | (क) अपाङ्गता मैत्री कार्यलयहरु बनाउने |
| ग. प्रविधिको पहुँच नहुनु | (ङ) अपाङ्गता शिक्षासम्बन्धी जनचेतना जगाउने |
| घ. रोजगार उपलब्ध नहुनु | (ग) अपाङ्गमैत्री प्रविधिसँग जानकार हुने |
| ङ. सामाजिक भेदभाव | (ख) छात्रवृत्तिको व्यवस्था गर्ने |

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिईएका बाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस्।**

क. नेपालको धार्मिक ग्रन्थ तथा मठ मन्दिरहरुमा पहिले देखि नै समलिङ्गी तथा तेस्रोलिङ्गीको उदाहरण पाउन सकिन्छ। ✓

ख. नेपालको संबिधानमा घोषणा भए बमोजिम यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूहले प्रयाप्त मात्र सेवा सुबिधाहरु प्राप्त गरेका छन। ✗

ग. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गताहरुलाई गरिने विभेदमा प्रहरी वा अदालतमा उजुरी दिन सकिन्छ। ✓

घ. अपाङ्गताको जटिलताको आधारमा सरकारले सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गर्छ। ✓

ङ. नेपालको राजनीतिक नेतृत्वमा अपाङ्गता भएकाहरुलाई उचित स्थान दिइएको छ। ✗

पाठ ४

# सामजिक विभेद र नीतिगत व्यवस्था

तपाइँले पक्कै पनि छुवाछुत, जातीय विभेद, घरेलु हिंसा जस्ता घटनाहरु बारे सुन्नु भएको होला । सामजिक सञ्जाल या रेडियोमा दलितका नाममा हुने विभेद, महिला, बालबालिका, यौनिक अल्पसङ्ख्यकहरु माथि भएका नकरात्मक व्यवहारहरु बारे सुन्नु वा देख्नुभएको होला । हाम्रो समाजमा यस्ता धेरै समूहहरु छन् जसले विभिन्न किसिमको विभेद तथा अन्यायको सिकार हुनु परेको छ । यस्ता विभेदहरु किन भइरहेका छन् र यसको अन्त्य कसरी गर्न सकिन्छ भन्ने कुरा थाहा पाउन जरूरी छ । अर्कातर्फ यस्ता विभेदहरुको अन्त्यका लागि के कस्ता नीतिहरु बनेका छन् र ती नीतिहरुको कार्यान्वयन अवस्था कस्तो छ त ? यस पाठमा हामी सामजिक विभेद र नीतिगत व्यवस्थासम्बन्धी यिनै कुराहरुमाथि छलफल गर्ने छौँ ।

## पढौँ र मनन गरौँ

धनगढीमा सञ्चालन भएको "सामाजिक विभेद अन्त्यमा नागरिकको भूमिका"विषय कार्यशाला गोष्ठीमा दुई समूह बनाएर छलफल गरियो । पहिलो समूहले नेपालमा भइरहेका विभेदहरुका बारेमा छलफल गरी प्रस्तुत गरेका छन् ।



**पहिलो समूह :**



महिला तथा बालबालिकामाथि हिंसा र जातीय विभेद हामीकहाँ ठूलो चुनौतीका रुपमा छ। खासगरी, हिन्दू समाजमा अन्य धेरै कुरासँगै महिला र दलित दुवैले अन्याय भोग्नु परेको छ ।



कतिपय समाजमा देवता रिसाउने मिथकमा जातीय छुवाछुत वा महिलामाथि विभेद गरेको देखिन्छ। विवाहित छोरीलाई घरको कुलदेवता छुन दिइँदैन भने दलितलाई पनि कुलदेवता रिसाउने मिथकको भरमा छुवाछूत गरिन्छ ।



महिला माथि अझै धेरै भेदभाव भएको देखिन्छ, जस्तै महिनावारी भएका बेला महिला अपवित्र भएको मानी देउता छुन, नदी तर्न नहुने चलन बसाइयो, जसले महिलालाई परिवारभित्रै अछूत बनायो। यसको एक ज्वलन्त उदाहरण हो, छाउपडी प्रथा। छाउगोठमा चिसोका कारण र सर्पले टोकेर छोरीहरुको मृत्यु भएको समाचार पनि हाम्रा लागि नौला होइनन्।यस्ता छाउगोठहरु शहरहरूमा पनि छन तर बाहिर देखिदैन ।



हाम्रो समाजमा केवल, जातजाती, लिङ्ग, धर्मको आधारमा मात्र विभेद छैन। कुनै परिवार वा व्यक्ति देशका अन्य व्यक्तिको तुलनामा भूमिहीन, बेरोजगार, गरिब, अशिक्षित,अपाङ्ग, कमजोर तथा रोगीहरू पनि विभेदको शिकार भएका छन ।



हिन्दू समाजमा ३-४ हजार वर्षको इतिहासदेखि वर्ण-विभाजन गरेर, विभेदकारी सामाजिक नियम ल्याएर दलितहरू माथि सामजिक विभेद गरिएको पाइन्छ। आज पनि दलित समुदायले समाजमा जातीय विभेद तथा छुवाछुत खेपिरहेको छ ।



कुनै व्यक्तिमाथि कुनै प्रकारको विभेद वा हिंसा हुनु र त्यस्तो विभेद वा हिंसालाई स्वाभाविक रुपमा सहनुको एउटा कारण चेतनाको कमी पनि हो । आज भएका भएका हिंसा वा विभेदका घटनामा दोषीलाई कारबाही गर्दै भोलि हिंसा र विभेद गर्ने व्यक्ति बन्न नदिन हामीले समाजमा चेतना फैलाउन अनिवार्य छ ।



हामीकहाँ स्वाभाविक ठानेर महिला, दलित, बालबालिकालाई विभेद वा हिंसा गरेको पाइन्छ। कतिलाई यो हिंसा हो र यसो गर्दा कानूनबमोजिम सजाय हुन्छ भन्नेसम्म थाहा छैन।त्यसैले कानुन बमोजिम कारबाही हुन्छ भनेर जानकारी गराउनु आवश्यक छ ।





दीर्घकालीन रुपमा विद्यालय तहमै संविधानका मौलिक हकहरु, सामाजिक न्यायको हकबारे अनिवार्य रुपमा पढाउनुपर्छ। सरकारी तथा निजी संस्थाहरुमा काम गर्नेहरुलाई सामाजिक न्यायबारे तालिम दिएरै बुझाउन पनि आवश्यक छ ।

संविधानमा रहेको सामाजिक न्यायको हक अनुसार आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृतलगायतलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको सुनिश्चितता हुनुपर्दछ ।





हिजो एउटा धार्मिक सोच, अभिजातीय चिन्तन, केन्द्रीकृत राज्य-व्यवस्था रहेका कारण विभिन्न जाति, लिङ्ग, समुदाय राज्यका सेवा-सुविधाबाट वञ्चित हुन पुगे। उनीहरुलाई राज्यले आरक्षण लगाएत विशेष सुविधा दिएर माथि उठाउनु पर्छ ।

**दोस्रो समूह**

**माथिको छलफलमा पहिलो समूहले नेपाली समाजमा रहेको विभेद र दोस्रो समूहले विभेद अन्त्यका लागि केही सुझाबहरू प्रस्तुत गरेका छन् । यो प्रस्तुति पढेर नेपाली समाजमा भएका कुनै तीन प्रकारका विभेदहरू र ती विभेदका कारणहरू लेख्नुहोस् ।**

| विभेदका प्रकार | कारणहरू |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

**माथिको छलफललाई आधार बनाएर विभिन्न प्रकारका विभेदलाई घटाउन अथवा हटाउन अपनाउनुपर्ने कुनै तीन उपायहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।**

१. ....................................................................................................................................

....................................................................................................................................

२.....................................................................................................................................

....................................................................................................................................

३. ....................................................................................................................................

....................................................................................................................................



## अभ्यास क्रियाकलाप

**माथि कार्यशाला गोष्ठीमा तपाईं पनि सहभागी हुनुभएको भए सामाजिक विभेदका बारेमा र यसका अन्त्यको बारेमा कसरी प्रस्तुति दिनुहुन्थ्यो ? सर्वप्रथम आफूले भन्न खोजेको कुरा आफ्नो साथी वा सहकर्मीलाई सुनाउनुहोस् र उनीहरूसँग पनि सुझाब लिनुहोस् । अब आफूलाई कार्यशाला गोष्ठीको सहभागी मानी आफूले भन्ने कुरा उल्लेख गर्नुहोस् ।**

पहिलो समूहको सहभागी हुँदा

....................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

दोस्रो समूहको सहभागी हुँदा

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

## कथा पढौँ र मनन गरौँ

ललितपुर जिल्लाको गोट्टीखेलमा विभिन्न जातजाति तथा धर्मावलम्बीहरु बसोबास गर्दथे । गाउँमा बसोबास गर्ने घरधुरीमा व्यक्तिहरु आ-आफ्नो पेसामा संलग्न थिए । ती मध्ये कोही सरकारी जागिरमा थिए



कोही व्यापारमा संलग्न थिए भने कोही स्थानीय तहको जनप्रतिनिधि थिए भने धेरै व्यक्तिहरु कृषि तथा पशुपालनमा संलग्न थिए । दिन बित्दै गएको थियो त्यसै समयमा अन्य स्थानबाट विभिन्न जातजातिका सात परिवार गोट्टीखेलमा बसाइसरी आएका हुन्छन् । नयाँ व्यक्तिहरुको आगमनले स्थानीयबासीहरुमा कौतुहलता हुन्छ र छिमेकीहरु सार्वजनिक धारामा पानी भर्ने बेलामा उनीहरु बिच कुरा हुन थाल्छ । त्यसक्रममा नयाँ परिवारको सदस्य पनि पानी लिनका लागि धारामा आइपुग्दछन् । नयाँव्यक्तिलाई देखे पछि सबै जना चुपचाप लागेर बस्छन् तर ती मध्ये एकजना महिलाले नयाँ व्यक्तिलाई उनका बारेमा सोध्छन् । नयाँ व्यक्तिले उनीहरुको सात परिवार बसाई सरेर नयाँ स्थानमा बसोबासका लागि आएको जानकारी दिइन् । जानकारी दिने क्रममा उनीहरु दलित समुदाय भएको थाहा हुन्छ । साँझमा गोट्टीखेलका स्थानीयबासीहरु भेला हुन्छन् । उनीहरु गाउमा बस्न आएका नयाँ परिवारका बारेमा छलफल सुरू गर्दछन् । ती मध्ये एकजनाले नयाँ परिवारहरु दलित परिवार भएको र उनीहरु सार्वजनिक धारामा पानी भर्न आएकाले समुदायमा समस्या हुने कुरा व्यक्त गरे । त्यसैमा अर्को व्यक्तिले सार्वजनिक स्थानमा उनीहरुलाई भोजभतेरका लागि कसरी सहभागी गराउन सकिन्छ भनी प्रश्न गरे । छलफलका क्रममा विभिन्न समुदायका सदस्यहरुले आफ्नो आफ्नो कुराहरु राख्दछन् । त्यसक्रममा गाँउमा सबैले सम्मान गर्ने मुखियाले आफ्नो विचार राख्दै “अहिले हाम्रो देशमा नयाँ संविधान आइसकेको छ र नयाँ संविधानअनुसार नयाँ कानून आइसकेको छ । नयाँ कानुनले कुनैपनि व्यक्तिलाई जातका आधारमा, धर्मका आधारमा, आम्दानीको आधारमा, लिङ्गको आधारमा भेदभाव तथा दुर्व्यवहार गर्न पाइँदैन । उजुरी गरेको अवस्थामा कानुनबमोजिम सजाँय हुन्छ । त्यसैले हामीले कानुनबमोजिम हाम्रो व्यवहार र संस्कारलाई पनि परिवर्तन गर्दै लैजानुपर्छ ।“मुखियाको कुरा सुनेर छिमेकीहरु एकआपसमा खासखुस कुरा गर्न थाल्दछन् कसैले पनि केही थप प्रश्न गर्न सक्दैनन् । सबैजना आफ्नो आफ्नो घरतिर लाग्छन् ।



एकदिन मुखियाले आफ्नो घरमा पूजाको आयोजना गर्दछन् र प्रसाद खानका लागि सबैजना छिमेकीहरुलाई बोलाउँदछन् र नयाँ परिवारलाई पनि निम्ता दिन्छन् । पूजा सकिएपछि साँझमा नयाँ परिवार लगायत छिमेकीहरु मुखियाका घरमा पूजाको प्रसाद खानका लागि जान्छन् । छिमेकीहरुले दलित परिवारलाई देखेपछि मनचिसो पार्छन् । मुखियाले सबैलाई एकै ठाउमा राखेर प्रसादहरु दिन्छन् तर त्यहाँ उपस्थित छिमेकीहरु मध्ये केहीले आफू बिरामी भएको बहाना पारेर प्रसादलाई पोको पारेर आफू घर जाँदा लैजान्छन् तर अलिपर पुगेपछि प्रसादलाई कसैले नदेख्ने झाडीमा फालिदिन्छन् । भोलिपल्ट प्रसाद खान गएका मध्ये एक जना गम्भीर बिरामी पर्दछ र अस्पतालमा भर्ना हुन्छन् । उपचारको क्रममा रगतको आवश्यकता पर्दछ उनको ओ नेगेटिभ भएकोले गाउँमा बस्न आएको नयाँ परिवारको रगत मिलेकोले ती परिवारले नै उक्त बिरामीलाई रगत दिन्छन् । बिरामी उपचारपछि आफ्नो घरमा फर्कन्छन् ।

मुखियाले एकदिन गाउँका सबैलाई भेला गराउँछन् र छलफल चलाउँछन् । त्यसैक्रममा उपचार भएर घर फर्केका व्यक्ति पनि उपस्थित हुन्छन् । मुखियाले छलफलका लागि प्रहरी चौकीबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा कार्यरत प्रहरीलाई श्रोतव्यक्तिका रुपमा बोलाएका हुन्छन् । प्रहरीले नेपालको कानुनले सबैलाई समान व्यवहार गर्ने हुँदा कुनै पनि व्यक्तिले जात, धर्म, लिङ्ग, भौगोलिकताका आधारमा भेदभाव तथा दुर्व्यवहार गर्न नहुने र त्यस्तो गरेको भेटिएमा कानुनबमोजिम जरिबाना तिराउने र जेलसमेत चलान गर्ने व्यवस्था रहेको बताउँछन् । छलफलको क्रममा उपचार गरेर फर्केको व्यक्तिले उठेर समूहमा आफ्नो अनुभव सुनाउछन् । पहिला मैले जातका आधारमा गाउँमा बस्न आउनुभएको परिवारलाई कहिले राम्रो व्यवहार गरिनँ अझै मुखियाले समान व्यवहार गर्दा मैले छिमेकीहरुलाई उचालेर मुखियाका विरूद्धमा लगाएँ तर मानिसलाई आपत परेपछि मात्र थाहा हुँदो रहेछ । म पनि निकै बिरामी भएँ । उपचारका क्रममा मलाई रगतको आवश्यकता पऱ्यो र दलित साथीले दिनुभएको रगतले मैले नयाँ जीवन पाएँ । वास्तवमा हामीले आफ्नो सोचमा परिवर्तन गर्नुपर्दो रहेछ । सबैलाई समान व्यवहार गर्नुपर्ने रहेछ जीवनमा कसको कुन बेला सहयोगको खाँचो पर्ने भन्ने थाहा नहुने रहेछ त्यसैले हामीले सबै जना मानव हो र मानवीय व्यवहार र सदभाव कायम राख्नुपर्ने रहेछ । त्यसैले म सबै छिमेकी साथीहरुसँग एउटै व्यवहार र सदभाव राख्न अनुरोध गर्छु र मुखियाले गर्नुभएको व्यवहारको सराहना गर्दछु ।"

अन्तमा छिमेकीको अनुभव सुनेपछि सबै जनाले आउने दिनहरुमा कसैलाई पनि भेदभाव वा दुर्व्यवहार नगर्ने प्रण गर्दै प्रहरी र मुखियालाई धन्यवाद दिएर सबै जना बिदा भएर आफ्नो आफ्नो घर जान्छन् ।

**माथि उल्लिखित कथाका आधारमा तलका प्रश्नको उत्तर दिनुहोस् ।**

१. गाउँमा नयाँ मानिसहरू आएपछि गाउलेहरूको प्रतिक्रिया कस्तो पाउनुभयो ?

उत्तर : ..........................................................................................................................

..........................................................................................................................

२. यस कथामा तपाईं कुन प्रकारको सामाजिक विभेद पाउनुहुन्छ ?

उत्तर : ..........................................................................................................................

..........................................................................................................................

३. मुखियाले गाउँलेलाई कसरी सम्झाउने कोसिस गरे ?

उत्तर : ......................................................................................................................

......................................................................................................................

४. छलफलमा प्रहरीले कसरी गाउलेहरूलाई सम्झाए ?

उत्तर : ......................................................................................................................

......................................................................................................................

५. यस कथाले दिन खोजेको मुख्य सन्देश के हो ?

उत्तर : ......................................................................................................................

......................................................................................................................

**यस कथामा मुखियाले जसरी सामजिक विभेद अन्त्यमा आफ्नो ठाउँबाट भूमिका खेलेका छन्, त्यसैगरी तपाईंको जिल्लामा वा प्रदेशमा त्यस्ता व्यक्तिहरू हुनसक्छन् जसले सामाजिक विभेद अन्त्यका लागि केही योगदान पुऱ्याएका हुन सक्छन्। सामाजिक सञ्जाल, अग्रजसँग छलफल, सहपाठी छलफल अथवा अन्य कुनै माध्यमबाट कुनै एक व्यक्ति पहिचान गर्नुहोस् र उक्त व्यक्तिले पुऱ्याएको योगदान सङ्क्षिप्तमा उल्लेख गर्नुहोस्।**

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

**अब सामजिक विभेद अन्त्यका लागि भएका केही नीतिगत व्यवस्थाहरू छोटकरीमा हेरौँ ।**

**सामाजिक विभेद अन्त्यमा केही नीतिगत व्यवस्था**

- नेपालको संविधान, २०७२ को प्रस्तावना तथा मौलिक हकका रुपमा छुवाछुत र जातीय विभेदविरूद्धको अधिकारको प्रत्याभूति गरिएको छ ।
- संविधानको प्रस्तावनामा सबै प्रकारका जातीय छुवाछुत तथा विभेद र उत्पीडनको अन्त्य गर्ने प्रतिज्ञा गरिएको छ ।
- धारा १६मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था छ । धारा १८मा सबै नागरिक कानुनका दृष्टिमा समान हुने व्यवस्था छ ।
- धारा २४मा छुवाछुत तथा भेदभाव विरूद्धको हक एवं धारा ४०मा दलितको हक र धारा ४२मा सामाजिक न्यायको हक प्रत्याभूत गरिएको छ । यसअनुसार, कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति जात, जाति, समुदाय वा पेसा-व्यवसायका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा छुवाछुत तथा भेदभाव गर्न पाइँदैन ।
- नेपालको संविधानले धारा २५५ देखि धारा २५७ सम्म राष्ट्रिय दलित आयोगसम्बन्धी व्यवस्था गरेको छ । यसमा छुवाछुत, उत्पीडन र विभेद अन्त्य गर्न नीतिगत, कानुनी र संस्थागत सुधार तथा दलित हितसँग सरोकार राख्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने अधिकारसहित संवैधानिक अङ्गको मान्यता प्रदान गरिएको छ ।
- नेपाल राष्ट्र पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि-सम्झौताले समेत जातीयताका आधारमा गरिने कुनै पनि भेदभाव तथा बहिष्करणलाई पूर्णतः निषेध गरेका छन् ।
- नेपालले सन १९७१मा अनुमोदन गरेको जातीय विभेद विरूद्धको महासन्धि-१९६५ ले जातजाति, वंश, पेसा, समुदायका आधारमा हुने भेदभाव उन्मूलन गर्नुपर्ने व्यवस्था गरेको छ । यसले नेपाललाई जातीय भेदभाव तथा छुवाछुतको व्यवहारको उन्मूलन, निराकरण र नियन्त्रण गरी पीडितहरुको संरक्षण गर्नुपर्ने दायित्व सृजना गरेको छ ।



## खोजमूलक कार्य

तपाईँ बसेको समाजमा जातीय विभेद, लैङ्गिक विभेद, धार्मिक विभेद अथवा अन्य के कस्ता विभेदहरु कायम छन् ? तिनलाई हटाउन तपाईँले अथवा तपाईँको परिवारका कुनै सदस्यले कस्तो भूमिका खेल्नुभएको छ ?

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

## के तपाईंलाई थाहा छ ?

» नेपालको संविधानको प्रस्तावनामा नै राज्यले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागिता मुलक सिद्धान्तका आधारमा समता मुलक समाज निर्माण गर्ने संकल्प बोकेको छ ।

» संविधानको धारा ४२ मा सामाजिक न्यायको हकलाई मौलिक हकको रूपमा उल्लेख गरि सामाजिक रुपले पछाडी पारिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाती, मधेशी, थारु, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक, अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मान पूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक लगायतका प्रावधानहरू उल्लेख गरिएको छ ।

## सम्झनुपर्ने मुख्य बुँदाहरू

» सामजिक विभेद परम्परागत रुपमा चलिआएको सोच र चालचलनले गर्दा भएको हुनाले यसको अन्त्यका लागि चेतनाको स्तर बढाउन जरूरी छ ।

» सामजिक विभेद केवल लिङ्ग, जातजाति तथा भाषाका आधारमा मात्र हुँदैन, व्यक्तिको गरिबी, अशिक्षा, बेरोजगारी, अपाङ्गता, रोग आदिले गर्दा पनि समाजमा विभेदको सिकार हुनुपरेको छ ।

» सामजिक विभेदमा राज्यको भूमिका महत्त्वपूर्ण हुन्छ, सामाजिक विभेद विरूद्धको कानुनलाई सशक्त ढङ्गले लागु गर्नु जरूरी छ ।

» नेपालको कानुनले सबै प्रकारको विभेदलाई निषेध गरेको छ र विभेदका विरूद्ध कानुनी उपचार गर्न सकिन्छ ।

» सबै नागरिकले कानुनको सही ढङ्गले पालना गरेमा मात्र सामाजिक विभेदलाई अन्त्य गर्न सकिन्छ ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (×) चिह्न दिनुहोस् ।**

क. सामजिक विभेद लिङ्ग, जाति र भाषाको आधारमा मात्र हुन्छ । ☐

ख. नेपालको संविधानअनुसार सामाजिक विभेद गर्नु दण्डनीय कार्य हो । ☐

ग. संविधानको प्रस्तावनामा सबै प्रकारका जातीय छुवाछुत तथा विभेद र उत्पीडनको अन्त्य गर्ने प्रतिज्ञा गरिएको छ । ☐

घ. कुनै व्यक्तिमाथि कुनै प्रकारको विभेद वा हिंसा हुनु र त्यस्तो विभेद वा हिंसालाई स्वाभाविक रुपमा सहनुको एउटा कारण चेतनाको कमी पनि हो । ☐

ङ. सामजिक विभेदको अन्त्य गर्न पछाडि परेको सामुदायलाई आरक्षण लगायतका सेवा सुविधा दिनु आवश्यक छैन । ☐

## पृष्ठपोषण

यो प्रस्तुति पढेर नेपाली समाजमा भएका कुनै तीन प्रकारका विभेदहरु र ती विभेदका कारणहरु लेख्नुहोस् ।

| विभेदका प्रकार | कारणहरू |
|---|---|
| जातीय विभेद | हिन्दु धर्ममा नै चार वर्णमा विभाजित भएकाले |
| लैङ्गिक विभेद | पुरूष प्रधान समाजको कारणले |
| आर्थिक विभेद | धनीले आफू गरिब न्दा ठुलो हुँ भन्ने सोचल |

**माथीको छलफललाई आधार बनाएर विभिन्न प्रकारका विभेदलाई घटाउन अथवा हटाउन अपनाउनुपर्ने कुनै तीन उपायहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।**

१. चेतनाको स्तर बढाउने
२. विभेद विरूद्ध कानुनी कारबाही गर्ने
३. पछि परेका वर्गलाई राज्यका विभिन्न निकायमा सहभागिता सुनिश्चितता

**माथि उल्लिखित कथाका आधारमा तलका प्रश्नको उत्तर दिनुहोस् ।**

१. गाउँमा नयाँ मानिसहरू आएपछि गाउलेहरूको प्रतिक्रिया कस्तो पाउनु भयो ?
उत्तर : गाउँलेहरुले नयाँ मानिसहरुलाई राम्रो नजरले नहेरेको पाए ।

२. यस कथामा तपाईँले कुन प्रकारको सामाजिक विभेद पाउनुहुन्छ ?

उत्तर : यस कथामा जातीय विभेद देख्न सकिन्छ ।

३. मुखियाले गाउलेलाई कसरी सम्झाउने कोशिस गरे?

उत्तर : मुखियाले गाउलेलाई अहिले हाम्रो देशमा नयाँ संविधान आइसकेकोछ र नयाँ संविधानअनुसार नयाँ कानून आइसकेकोछ । नयाँ कानुनले कुनै पनि व्यक्तिलाई जातका आधारमा, धर्मका आधारमा, आम्दानीका आधारमा, लिङ्गका आधारमा भेदभाव तथा दुर्व्यवहार गर्न पाइँदैन । यस्तो गरेको अवस्थामा उजुरी गरेको अवस्थामा कानुनबमोजिम सजाँय हुन्छ । त्यसैले हामीले कानुनबमोजिम हाम्रो व्यवहार र संस्कारलाई पनि परिवर्तन गर्दै लैजानु पर्छ भनेर सम्झाउने कोसिस गरे ।

४. छलफलमा प्रहरीले कसरी गाउलेहरूलाई सम्झाए ?

उत्तर : प्रहरीले नेपालको कानुनले सबैलाई समान व्यवहार गर्ने हुँदा कुनै पनि व्यक्तिले जात, धर्म, लिङ्ग, भौगोलिकताको आधारमा भेदभाव तथा दुर्व्यवहार गर्न नहुने र त्यस्तो गरेको भेटिएमा कानुनबमोजिम जरिबाना तिराउने र जेलसमेत चलान गर्ने व्यवस्था रहेको भनेर गाउँलेलाई सम्झाए ।

५. यस कथाले दिन खोजेको मुख्य सन्देश के हो ?

उत्तर : यस कथाले हामीलाई कसैमाथि पनि जातीय आधारमा विभेद वा भेदभाव गर्न पाइँदैन भन्ने सन्देश दिन्छ ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. सामजिक विभेद लिङ्ग, जाति र भाषाको आधारमा मात्र हुन्छ । ✗

ख. नेपालको संविधानअनुसार सामाजिक विभेद गर्नु दण्डनीय कार्य हो । ✓

ग. संविधानको प्रस्तावनामा सबै प्रकारका जातीय छुवाछुत तथा विभेद र उत्पीडनको अन्त्य गर्ने प्रतिज्ञा गरिएको छ । ✓

घ. कुनै व्यक्तिमाथि कुनै प्रकारको विभेद वा हिंसा हुनु र त्यस्तो विभेद वा हिंसालाई स्वाभाविक रुपमा सहनुको एउटा कारण चेतनाको कमी पनि हो । ✓

ङ. सामजिक विभेदको अन्त्य गर्न पछाडी परेको सामुदायलाई आरक्षण लगाएतका सेवा सुबिधा दिनु आवश्यक छैन । ✗

## पृष्ठपोषण

**पूर्व सिकाइ परीक्षण**

**सही उत्तरमा (✓) चिह्न लगाउनुहोस् :**

**१. मानव अधिकारले के कुरा बुझाउँछ ?**

क. मानिसको बाँच्न पाउने अधिकार
ख. स्वास्थ्य तथा शिक्षा प्राप्त गर्ने अधिकार
ग. समानताको अधिकार
घ. माथिका सबै ✓

**२. सामाजिक समावेशिताले तलका मध्ये के कुरा जनाउँछ ?**

क. समाजका हरेक वर्गलाई हरेक सामाजिक सवालहरुमा सहभागिता गर्नु ✓
ख. समाजका खास वर्गलाई उचित अवसर दिनु
ग. समाजका सक्षम वर्गलाई आर्थिक तथा सामाजिक मुद्दामा अघि बढाउनु
घ. माथिको कुनै पनि होइन

**३. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक भन्नाले के बुझिन्छ ?**

क. सामजिक तथा आर्थिक रुपले पिछिडएको जाति
ख. महिला तथा पुरूषलाई दुबैलाई बुझाउने समूह
ग. महिला तथा पुरूषको खास पहिचानभन्दा फरक विशेषता भएको वर्ग √
घ. हेर्दा महिला र पुरूषभन्दा फरक देखिने समूह

तह

# ३

भाषा र सञ्चार

व्यावहारिक समस्या र समाधान

सामाजिक व्यवहार र मूल्यमान्यता

जीवन जगत् र प्रविधि

स्वस्थ जीवनशैली र सिर्जनशीलता

## जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री